



# नेपाल समाचारपत्र

नेपाली मनका नेपाली पत्रिका

NEPAL SAMACHARPATRA


नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकसेन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

» सोमबार, साउन ९, २०७४ » Monday, July 24, 2017 » www.newsofnepal.com » नेसं ११३७ गुँला थ्व: १ » वर्ष २३, अंक १९५ » पृष्ठ १२ » मूल्य रू. १०/–

२ { राष्ट्रले गर्व गर्नुपर्ने एक नेपाली चेली
५ { भक्तपुर पहिलो दिनकै ट्रायल परीक्षा रद्द
७ { क्रसर उद्योग सञ्चालनमा रोक
१० { लगानी सम्मेलन हुने

# नेपाल बंगलादेश बैंकको हकप्रद शेयरमा चलखेल


श्री
उच्च अदालत, पाटन
संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रमोदकुमार श्रेष्ठ
माननीय न्यायाधीश श्री अब्दुल अजीज मुसलमान
आदेश
सम्वत २०७३ सालको WO-१०७०
मुद्दा: उत्प्रेषणयुक्त परमादेश।

विश्वराज भट्टराई.......................................................निवेदक
विरुद्ध
नेपाल बंगलादेश बैंक लिमिटेड समेत.......................................................विपक्षी

आज अन्तरिम आदेशलाई निरन्तरता प्रदान गर्ने, नगर्ने सन्दर्भमा पेश हुन आएको निवेदन सहितको मिसिल अध्ययन गरी निवेदक तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरु श्री शिवप्रसाद रिजाल, श्री बालचन्द्र आचार्य र श्री निवेदक स्वयं तथा विपक्षी बैंक तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री नरेन्द्रप्रसाद गौतम विपक्षी ग्लोबल आइ.एम.इ. क्यापिटल लि.बाट उपस्थित विद्वान अधिवक्ता श्री विष्णुप्रसाद बास्कोटाले गर्नु भएको बहस समेत सुनियो।

यसमा विपक्षी नेपाल बंगलादेश बैंक लि.बाट हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्ला मिति २०७४।१।७ गतेदेखि २०७४।२।१० गतेसम्म समय तोकी मिति २०७३।१२।२९ गतेको कारोवार, राष्ट्रिय दैनिकमा पहिलो सूचना प्रकाशित गरेको भन्ने देखियो। कम्पनी ऐन, २०६३ को दफा ५६(७) मा पब्लिक कम्पनीले तत्काल कायम रहेका शेयरधनीहरुले मात्र खरिद गर्न पाउने गरी हकप्रद शेयर जारी गर्ने सूचना त्यस्तो सूचना जारी गर्नुभन्दा १५ दिन अघि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तीमा लगातार तीन पटक प्रकाशन गर्नुपर्नेछ भन्ने कानूनी प्रावधान रहेकोमा शेयर जारी मिति २०७४।१।७ को १५ दिन पूर्व लगातार तीन पटक सूचना प्रकाशित गरेको नभै मिति २०७३।१२।२९ गतेबाट मात्र सूचना प्रकाशित भएको र कम्पनी ऐन, २०६३ को दफा ५६(११) मा हकप्रद शेयर खरिद गर्न कम्तीमा ३५ दिनको म्याद दिनुपर्नेछ भन्ने समेत व्यवस्था रहेकोमा त्यस्तो म्याद आफूले प्राप्त नगरेको भन्ने निवेदन दाबी रहेको स्थितिमा सूचना सम्बन्धी [illegible] अन्तरिम हकको व्याख्याको प्रश्न रहेको र निवेदकलाई [illegible] यस अदालतबाट मिति २०७४।३।२० मा आदेश जारी [illegible] जारी गरेको अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार गरी पेश गर्नु।

न्यायाधीश न्यायाधीश
इति सम्वत् २०७४ साल असार २८ गते रोज ४ शुभम्........


श्री उच्च अदालत पाटन
उच्च अदालत पाटन
एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री यमुना भट्टराई
आदेश
रिट नं. ०७३-WO-१०७०

विश्वराज भट्टराई.......................................................१ निवेदक
विरुद्ध
नेपाल बंगलादेश बैंकसमेत.......................................................१ विपक्षी

मुद्दा:– उत्प्रेषणयुक्त परमादेश

यसमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता द्वय श्री बालचन्द्र आचार्य र श्री शिवप्रसाद रिजालले गर्नुभएको बहससमेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश किन जारी हुनु नपर्ने हो ? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार, कारण र प्रमाण भए सबुद प्रमाण सहित म्याद सूचना पाएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत् लिखित जवाफ पेश गर्नु होला भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परेपछि वा अवधि व्यतित भएपछि नियमानुसार गरी पेश गर्नुहोला।

अन्तरिम आदेश समेत माग भएतर्फ विचार गर्दा दुवैपक्षको छलफल सुनी निष्कर्षमा पुग्नु उपयुक्त हुने देखिएकोले मिति २०७४।०३।२८ गतेका दिन अन्तरिम आदेश छलफलका निमित्त उपस्थित हुनु भनी विपक्षीलाई सूचना दिई र उक्त मिति २०७४।०३।२८ गते सम्मकालागि निवेदकसँग सम्बन्धित हकप्रद शेयरको लिलाम तथा बाँडफाँड लगायतको काम कारवाही नगर्नु नगराउनु भनी विपक्षीहरुका नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१) बमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ। प्रस्तुत आदेशको जानकारी अविलम्ब विपक्षीहरुलाई दिई नियमानुसार गर्नुहोला।

२०७४।३।२०
न्यायाधीश

ईति सम्वत २०७४ साल असार २० गते रोज ३ शुभम्........

### सबै प्रमाण अदालतमा पेस गरेका छौं

**पारषमणि ढकाल**
**सीईओ, ग्लोबल आईएमई क्यापिटल**

हामीले धितोपत्र बोर्डले बनाएको सबै नियमअनुसार काम गरेका छौं। त्यही अनुसारको डकुमेन्ट अदालतमा अगाडि बढिरहेको छ। अदालतले हामीलाई छलफलका लागि बोलाएकोमा छलफलको काम पनि भयो।

हामीले मुद्दा हारिसकेको अवस्था होइन, अदालतले स्टेअर्डर मात्र दिएको हो। आवश्यक प्रमाण हामीले जुटाइसककेका छौं। रिट परेको शेयरको हकमा मात्रै अदालतले स्टे अर्डर दिएको हो, बाँकी शेयरको कारोबार तथा अक्सन प्रक्रिया भने जारी छ। अदालतले प्रक्रिया अगाडि बढाएको अवस्थामा हामीले केही बोल्न मिल्दैन।

हामीले केके गरेका छौं भनेर अदालतलाई प्रमाण पेस गर्ने काम जारी छ। सूचना जारी गर्नुपर्ने कुरामा हाम्रो कुनै कमजोरी छैन, हामीले अदालतमा यो सम्बन्धी सबै डकुमेन्ट पुऱ्याइसकेकाले हामीलाई कुनै डर छैन।

(क्रमश: पृष्ठ ९ मा)

**नेपाल समाचारपत्र**
काठमाडौं

नेपाल बंगलादेश बैंक (एनबी) को हकप्रद शेयर बिक्री प्रक्रियामा अनियमितता भएको रहस्य खुलेको छ।

बैंकको हकप्रद शेयर बिक्री प्रक्रिया अपारदर्शी भएको भन्दै उच्च अदालत पाटनमा परेको रिटमा उच्च अदालतका न्यायाधीशद्वय प्रमोदकुमार श्रेष्ठ र अब्दुल अजिज मुसलमानको संयुक्त इजलासले नेपाल बंगलादेश बैंक र बैंकको हकप्रद शेयर बिक्री प्रबन्धक ग्लोबल आईएमई क्यापिटललाई निवेदकसँग सम्बन्धित हकप्रद शेयरको लिलाम तथा बाँडफाँडलगायतको काम कारबाही नगर्नू नगराउनू भनी आदेश दिएपछि सो रहस्य खुलेको हो।

विश्वराज भट्टराई निवेदकको वारेस शेषराज खरेल रहेको उत्प्रेषणयुक्त परमादेश मुद्दामा नेपाल बंगलादेश बैंक र बिक्री प्रबन्धक ग्लोबल आईएमई क्यापिटललाई विपक्षी बनाएर रिट दायर गरिएको थियो।

(क्रमश: पृष्ठ ९ मा)

## 'यस्तो केस दिनमा सयौं आउँछन्'

अदालतमा यस्तो मुद्दा परिरहन्छन्, यो ठूलो समस्या होइन भन्ने बैंकले ठानेको छ। यस्तो केस त दिनमा सयौं आउँछन। एक जनो मान्छेले मैले खबर पाइनँ भनेर मुद्दा हाल्यो होला, उसको अधिकार प्रयोग गऱ्यो।

हामीले धितोपत्र बोर्डको प्रक्रियाअनुसार तीनचोटि होइन पाँचचोटिसम्म सूचना प्रकाशित गरेका छौं। कुन कुनमा प्रकाशित गरे मलाई थाहा छैन। गरे होलान् नि, कारोबार, अन्नपूर्ण, नागरिक, कान्तिपुरमा।

सम्बन्धित व्यक्तिको १५ सय कित्ता कारोबार रोकेको हो, त्यसले हामीलाई केही फरक पार्दैन, हामी करोडौं कित्ता निकाल्नेलाई १५ सयले के फरक पऱ्यो र ?

१९ सय कित्ताको ८० प्रतिशतका विषयमा मुद्दा उसले जित्यो भने हामी उसलाई दिन्छौं, हामीले जित्यौं भने हाम्रोअनुसार गर्छौं।

हामीले कुनै कसुर गरेका छैनौं। हामीले केही गरेको भए हाम्रो ३ करोड कित्ता शेयरको सवाल छ। ऊ आफैं वकिल भएको नाताले अदालतले वकालत गरेर इस्यु झिकेको हो, उसले मुद्दा जिते हामी प्रक्रियाअनुसार अगाडि बढ्छौं।

उसको शेयर विषयमा केही हुन्न, यो मुद्दा ३ वर्ष अदालतमा चल्छ, उसले मुद्दा जिते पैसा तिरेर १५ सय कित्ता उसले पाउँछ, नभए हामी राख्छौं। हामीले केही गल्ती गरेको भए ३ करोड कित्ताका धनीले इस्यु बनाउँथे होलान्, किन १ जना मात्र आयो त ? यो आर्थिक चलखेलको कुराको विषय होइन। त्यो रकम मेरो खल्तीमा हाल्ने पैसा होइन्।


ज्ञानेन्द्रप्रसाद ढुंगाना »
सीईओ, एनबी बैंक

# एजेन्डामा नै प्रवेश नगरी सकिने भो कांग्रेस बैठक

**नेपाल समाचारपत्र**
काठमाडौं

शनिबारदेखि जारी नेपाली कांग्रेसको केन्द्रीय समिति बैठक आज आइतबार सकिने जनाइएको छ। स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचनको समीक्षा प्रमुख एजेन्डा रहेको बैठकमा केन्द्रीय सदस्यहरूले धारणा राख्ने क्रम आज सकिने र आजै बैठक टुङ्गिने कांग्रेस केन्द्रीय कार्यालयले जनाएको छ।

बैठकमा केन्द्रीय सदस्यहरूले स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचनको समीक्षा गर्नुका साथै असोज २ गते हुने तेस्रो चरणको निर्वाचनमा अपनाउनुपर्ने रणनीतिका बारेमा पनि छलफल गरिरहेका छन्। साथै, बैठकमा भविष्यमा हुन लागेको संघ र प्रदेश सभाको निर्वाचनमा कांग्रेस कसरी अघि बढ्नुपर्ने भन्नेबारेमा पनि केन्द्रीय सदस्यहरूले नेतृत्वलाई सुझाव दिइरहेका छन्। अघिल्लो दिनकोजस्तै आइतबारको बैठकमा धारणा राख्ने केन्द्रीय सदस्यहरूले पहिलो र दोस्रो चरणको निर्वाचनमा कांग्रेसले अनपेक्षित हार व्यहोर्नु पर्नाको कारणबारे बोलेका थिए। निर्वाचनको समीक्षा गर्ने क्रममा अधिकांश केन्द्रीय सदस्यहरूले राष्ट्रिय राजनीतिमा सधैं नेतृत्वदायी भूमिका निभाएको नेपाली कांग्रेसले स्थानीय तहमा दोस्रो पार्टीको रूपमा देखिनु दु:खदायी भएको बताएका थिए।



'कांग्रेसको नेतृत्वदायी भूमिकाका कारण आन्दोलनबाट प्राप्त उपलब्धि संस्थागत हुँदै गएको छ र राष्ट्रिय राजनीतिमा जहिले पनि नेतृत्व गरिरहेको कांग्रेसले स्थानीय निर्वाचनमा दोस्रो भएको छ', बैठकमा धारणा राख्ने क्रममा केन्द्रीय सदस्य पुष्पा भुसालले भन्नुभयो- 'यसको मुख्य कारण आन्तरिक संगठनलाई मजबुत बनाउन नसक्नु हो।' उहाँले आन्तरिक संगठनलाई मजबुत बनाउँदै नेतृत्वले विगतको कमीकमजोरीलाई समेत सच्चाएर अघि बढ्नुपर्ने बताउनुभएको थियो।

स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचनमा कांग्रेसले अनपेक्षित हार व्यहोर्नुपरेकोबारे समीक्षा गर्ने क्रममा केन्द्रीय सदस्यहरूले उम्मेदवार छनोटमा ढिलाइ भएको, गुटको आधारमा उम्मेदवार छनोट गरिएको, कांग्रेसले गरेका राम्रा कामहरूको बारेमा मतदातालाई बुझाउन नसकेकोजस्ता विषय उठाएका थिए। आइतबारको बैठकमा केन्द्रीय सदस्यहरू डा. नारायण खड्का, डा. मीनेन्द्र रिजाल, दिलेन्द्रप्रसाद बडु, एनपी साउद, अर्जुनप्रसाद जोशी, जीवनबहादुर शाही, नवीन्द्रराज जोशी, अम्बिका बस्नेत, पुष्पा भुसाल, गगन थापा, बद्री पाण्डे, जीवन परियार, ईश्वरी न्यौपाने, सीता गुरुङ, केशवकुमार बुढाथोकी, श्यामकुमार घिमिरे, मोहनबहादुर बस्नेत, वीरबहादुर बलायर, रमेश लेखक र किरण यादवले धारणा राखेका थिए।

कांग्रेस केन्द्रीय समितिको बैठक हिजो र अस्ति बिहान ८ बजेदेखि बसे पनि आज बिहान ११ बजेदेखि बस्ने बताइएको छ। सांसदसमेत रहेका केन्द्रीय सदस्यहरू भने व्यवस्थापिका संसद्को बैठक सकेपछि मात्र आइतबारको बैठकमा भाग लिन साँझ पार्टी केन्द्रीय कार्यालय, सानेपा पुगेका थिए।




### सामूहिक आत्महत्याको कारण खुल्दै

# सम्बन्ध विच्छेदपछि एउटै ओछ्यानमा

**मोतीराम तिमल्सिना, काभ्रे**

शुक्रबार राति आफ्नै होटलभित्र परिवार नै मृत अवस्थामा फेला परेको दाहाल परिवारको मृत्युको कारण रहस्यमय बन्दै गएको छ। शिक्षण अस्पतालमा परीक्षणका लागि राखिएका शव अझै परीक्षण हुन सकेका छैनन्।

दुई श्रीमती रहेका मृतकमध्येका छोरा राजाराम दाहालको कान्छी श्रीमती पूजा दाहालले ८ महिनाअघि २०७३ मंसिर १२ गते नै सम्बन्ध विच्छेद गरेको रहस्य खुलेको छ।

'दुई श्रीमती रहेका राजारामसँग अंश लिएर कान्छी श्रीमती पूजाले सम्बन्ध विच्छेद गरेको देखियो' -बनेपा नगरपालिका-२ का वडा अध्यक्ष हरि घिमिरेले बताउनुभयो।

'जेठी श्रीमतीलाई अंश मार्ने नियतले कान्छी श्रीमती पूजाले भएको सबै सम्पत्ति आफ्नो नाममा बकस गराएर सम्बन्ध विच्छेद गरेको हुन सक्ने आशंका भएको छ' -वडा अध्यक्ष घिमिरेले भन्नुभयो।


कान्छी श्रीमती पूजा दाहाल

पूजाले श्रीमान् राजाराम, ससुरा हरिभक्त र सासू हरिमाया दाहालको नाममा रहेको सम्पत्ति २०७३ मंसिर ७ गते आफ्नो नाममा बकसपत्र गराएर श्रीमान् राजारामसँग २०७३ मंसिर ९ गते जिल्ला अदालत काभ्रेपलाञ्चोकमा सम्बन्ध विच्छेदको मुद्दा दर्ता गराएकी थिइन्।

सम्बन्ध विच्छेदको मुद्दा दर्ता भएको चार दिनमै पूजाले राजारामसँग छोरा पुजन श्रीमान्सँगै रहने गरी मिलापत्रसहितको सम्बन्ध विच्छेद गरिन् तर उनी पहिलाकै हैसियतमा श्रीमान्सँगै बसिरहिन्।

त्यस कारण पनि पूजाले जेठीको परिवारलाई सम्पत्ति नदिने उद्देश्यले सधैं सँगै बस्ने गरे पनि सम्बन्ध विच्छेद गरेको पुष्टि भएको छ। १५ वर्षअघि जेठी श्रीमती कमलासँग विवाह गरेका राजारामले पूजासँग २०६२ साउन २७ गते सामाजिक परम्परासहित टुकुचा नाला गाविसमा दर्ता नम्बर ३१ मा विवाह दर्ता गराएका थिए।

जुन दिन कमलाको कोखबाट जन्मेको छोरा सुरज २२ दिनका मात्रै थिए। जेठी छोरी मनिका १४ वर्षकी भएकी छिन्। पूजासँग विवाह भएको १० दिनमै राजारामले बुबा हरिभक्तका नाममा भएको टुकुचा नाला गाविस-८ को ६६६ कित्ताबाट २०६२ साल भदौ ६ गते १ रोपनी जग्गा बकसपत्र गरेर पास गरिदिएका छन्। जसको कित्ता नम्बर ७२९ रहेको छ। त्योबाहेक कमलाले अरू सम्पत्ति प्राप्त गरेकी छैनन्। कानुनी आधारमा अब कमलाले श्रीमान्को नाममा रहेको ८ आना जग्गा र ससुराका नाममा भएको ८ आना जग्गाबाहेक प्राप्त गर्ने छैनन्।

कमलालाई बकसपत्र गरेरै जग्गा दिएपछि राजाराम र पूजा सँगै बस्न थाले। केही समय राजाराम विदेसिएका थिए। पछि पूजाका बाबु झम्कप्रसाद गौतमले बनेपामा सञ्चालन गर्दै आएको गौतम भोजनालय सञ्चालनमा ल्याए। त्यसअघि पूजालाई राजारामले जिल्ला प्रशासन कार्यालय काभ्रेबाट २०६३ साल माघ १९ गते नागरिकता बनाइदिए।

(क्रमश: पृष्ठ ९ मा)

# महानगर

युरोप यात्रा १



# राष्ट्रले गर्व गर्नुपर्ने एक नेपाली चेली

शुभ श्रेष्ठ

विश्व स्वास्थ्य संगठनको जागिर छोड्नु मेरा लागि पनि त्यति सहज थिएन । तर, मेरो श्रीमान्को मायाको अगाडि जागिर त्यति ठूलो लागेन र विवाह भएको भोलिपल्टै अस्ट्रिया उडेँ ।

वैदेशिक रोजगारी भन्नेबित्तिकै अचेल नेपाली मिडियादेखि सबैको ध्यान नकारात्मकतिरै मोडिने गरेको छ। विदेशमा रोजगार गर्ने नेपालीले कि भाँडा माझ्ने काम गरेका होलान्, कि मजदुरी गरेका होलान्, कि अनैतिक काम गरेर जेलमा फसिरहेका होलान्। हाम्रो यही सोच र प्रचारबाजीले गर्दा विश्वमा अहिले नेपालको छवि अति विपन्न गरिब राष्ट्रका रूपमा विकसित भइरहेको छ भने नेपाली भन्नेबित्तिकै दरिद्र व्यक्ति।

यसपटक तीन महिना लामो युरोप भ्रमण गर्नुअघि यस अन्तरवार्ताकारको ध्यान पनि युरोपमा विभिन्न बहानामा भासिएका नेपाली शरणार्थीहरूप्रति नै बढी केन्द्रित थियो। उनीहरूकै विषयमा एउटा समाचार खोज्ने सोच थियो। तर, खोज्दाखोज्दै फोहोरको थुप्रोमा एउटा मोती फेला पर्‍यो।

संयोगले यस अन्तरवार्ताकारलाई भियनामा आतिथ्यता प्रदान गर्ने भाइ प्रभु श्रेष्ठकी दिदी शुभ श्रेष्ठको निम्तोमा युरोप पुगेको पहिलो हप्तामै अस्ट्रियाको राजधानी भियनास्थित संयुक्त राष्ट्रसंघको विशाल कार्यालय अवलोकनको अवसर प्राप्त भयो। सन् २००१ मा अमेरिकी सरकारको निम्तोमा न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको कार्यालय र त्यसको केही वर्षपछि स्विट्जरल्यान्डको जेनेभास्थित संयुक्त राष्ट्रसंघको विशाल कार्यालय भ्रमण गर्ने अवसर प्राप्त गरिसकेको यस अन्तरवार्ताकारलाई यहीं पुग्दा थाहा भयो कि भियनास्थित यो कार्यालय स्विट्जरल्यान्डपछि संयुक्त राष्ट्रसंघको विश्वकै तेस्रो ठूलो कार्यालय रहेछ।

एउटा साधारण परिवारमा जन्मी-हुर्की सरकारी स्कुल र कलेजमा पढेर संयुक्त राष्ट्रसंघको उच्च पदमा काम गर्न सफल भएकी रहिछन् नेपाली चेली शुभ श्रेष्ठ, त्यो पनि आजभन्दा झन्डै चालीस वर्षअघि खुला प्रतिस्पर्धामा उत्तीर्ण भएर। सुन्दा पनि गर्वले छाती फुल्ने। एक जना पत्रकारका लागि यति परिचयबाटै शुभ श्रेष्ठ अन्तरवार्ताका लागि योग्य पात्र बनिसकेकी थिइन्। तर अत्यन्त साधारण, लो-प्रोफाइलकी मृदुभाषी शुभ श्रेष्ठ भने अन्तरवार्ताका लागि तयार हुन सकिरहेकी थिइनन्।

विदेशमा काम गर्ने नेपालीहरूप्रति सकारात्मक धारणा बन्न नसकिरहेको अवस्थामा शुभ श्रेष्ठको संघर्ष र जीवनको कथा नेपालीहरूका लागि ठूलो उदाहरण र प्रेरणा बन्न सक्ने भएकाले लामो प्रयासपछि शुभ श्रेष्ठ अनौपचारिक कुराकानी गर्न सहमत भइन्। कुनै जमानामा नेपालमा टेबुलटेनिस खेलमा धमाका मच्चाएर अचानक गुमनाम भएको उनको विगत सुनाउँदा भावुक भएकी उनी यस अन्तरवार्ताकार त्यस बेलाका राष्ट्रिय स्तरका जुनियर ब्याडमिन्टन खेलाडी भएकाले पनि हामीलाई कुरा गर्न अझ बढी सहज बनाएको थियो। शुभ श्रेष्ठले त्यस बेलाकी प्रख्यात टेबुलटेनिस खेलाडी सिजरिनी शाहसँग मिलेर महिला युगलमा धेरैचोटि राष्ट्रिय च्याम्पियनको उपाधि उचालिसकेकी छिन्।

शुभ श्रेष्ठसँगको अनौपचारिक कुराकानीको प्रसंग पनि खेलबाटै शुरु हुन्छ। सन् १९७२-७३ तिर नेपालमा टेबुलटेनिस खेलको महिलातर्फ पुनम लामा, अनिता धाख्वा, सिजरिनी शाहको धाक चल्थ्यो। यस्तो बेला अचानक उदाएकी शुभ श्रेष्ठले नेपालकै प्रतिनिधित्व गरेर जापान, चीन, भारतजस्तो देशमा भएका अन्तर्राष्ट्रिय टेबुलटेनिस प्रतियोगिताहरूमा समेत सहभागी भएर नेपालको नाम राखेकी थिइन्। तर, उनी कसैले पत्याउनै नसकिने गरी यो खेलबाट अचानकै गुमनाम भइन्।

**कारण ?**

शुभ श्रेष्ठ : तपाईंलाई त मेरो विषयमा धेरै कुरा थाहा रहेछ। खेल त्याग्ने मेरो रहर होइन, बाध्यता थियो। तपाईंलाई राम्ररी थाहा छ, हाम्रो समयमा खेलेर मात्र जीवन धान्न सकिँदैनथ्यो। फेरि पहिलो सन्तान भएकीले होला, आमा-बुबाले पनि बढी पढाइमा ध्यान दिन खोजिरहेका हुन्थे। आमा-बुबाको भावनाको कदर गर्दै मैले खेलकुदलाई चटक्क छोडेर आफ्नो सम्पूर्ण ध्यान अध्ययनमै केन्द्रित गरेकाले म खेलकुदबाट एकाएक हराएकी हुँ। त्यसो त म अहिले पनि खेलकुदबाट टाढा हुन सकिरहेकी छैन। भियना स्पोर्ट्स युनिभर्सिटीका विद्यार्थीलाई पौडी सिकाउँछु। संयुक्त राष्ट्रसंघलगायत विभिन्न संघसंस्थाले आयोजना गर्ने दौड प्रतियोगिताहरूमा सहभागी हुने गरेकी छु। सन् २००५ देखि संयुक्त राष्ट्रसंघसँग आबद्ध संस्थाहरूबाट अमेरिका, स्पेन, फ्रान्स र अस्ट्रियामा भएका १० किलोमिटर समूह दौड प्रतियोगितामा भाग लिएर थुप्रै पदक पनि जितिसकेकी छु। यसबाहेक म हाइकिङ र योगा पनि गर्छु।

**काठमाडौंको ह्युमत टोलमा आमा शारदा श्रेष्ठ र बुबा बलराम श्रेष्ठका पहिलो सन्तानका रूपमा साधारण नेवार परिवारमा जन्मेकी शुभ श्रेष्ठले आफ्नो स्कुले शिक्षा सरकारी स्कुल कान्ति ईश्वरी माध्यमिक विद्यालयमा सम्पन्न गरेकी थिइन् भने पद्मकन्या कलेजबाट मानविकी तथा सामाजिक शास्त्रमा स्नातक गरेकी थिइन्। यति अध्ययनको भरमा उनी कसरी पुगिन् त संयुक्त राष्ट्रसंघजस्तो संस्थाको उच्च पदमा ?**

शुभ श्रेष्ठ : सानैदेखि आमा-बुबाले शिक्षामा जोड दिएकै कारणले होला मैले स्नातक गर्नेबित्तिकै नेपाल औद्योगिक विकास निगममा काम पाइसकेको थिएँ। त्यहाँ ६ महिना काम गरिसकेपछि एकैचोटि विश्व स्वास्थ्य संगठनमा काम गर्ने अवसर प्राप्त भयो। त्यहाँ ३ वर्ष २ महिना काम गरेपछि म अस्ट्रिया आइपुगें।

**विश्व स्वास्थ्य संगठनमा काम गर्न पाउनु कम ठूलो अवसर होइन। यस्तो अवसर छोडेर शुभ श्रेष्ठ फेरि किन पुगिन् त अस्ट्रिया ?**

शुभ श्रेष्ठ : यहाँ काम गर्दागर्दै मेरा श्रीमान् डा. हेमन्त राणालाई ९ महिनाको छात्रवृत्तिमा अध्ययन गर्न अस्ट्रियाको राजधानी भियनामा आउनुपर्ने भयो। तपाईंले सही कुरा भन्नुभयो, विश्व स्वास्थ्य संगठनको जागिर छोड्नु मेरा लागि पनि त्यति सहज थिएन। तर, मेरो श्रीमान्को मायाको अगाडि जागिर त्यति ठूलो लागेन र विवाह भएको भोलिपल्टै अस्ट्रिया उडेँ।

**विवाह गरेको भोलिपल्टै भन्नु भो नि ! त्यसको अर्थ तपाई भियना उड्नुअघि डाक्टर साहेबसँग प्रेमालापमा हुनुहुन्थ्यो। अन्तरजातीय विवाह भएकाले हतार-हतार विवाह गरेर भाग्नुभएको त होइन नि ?**

शुभ श्रेष्ठ- होइन...होइन... ! परिवारको सहमतिमै विवाह गरेकी हुँ। सबै कुरा एकैचोटि परेकाले धुमधामसँग विवाह गर्ने अवसर जुटेन। भद्रकाली मन्दिरमा स्वयंवर गरेर सबैलाई खुसी बनाएरै हामी आएका हौं।

कुराकानीको अवसरमा शुभ श्रेष्ठका श्रीमान् डा. हेमन्त राणा पनि हामीसँगै हुनुहुन्थ्यो। अस्ट्रियामै प्रतिष्ठित र वरिष्ठ चिकित्सक भएर पनि अत्यन्त सरल तथा भलाद्मी देखिनुहुने डा. साहेब पनि सायद हाम्रो कुरा सुनेर अलि रोमाञ्चित हुनुभयो क्यारे ! विगतको याद गर्दै मसिनो स्वरमा भन्नुभयो- शुभ एकपटक बिरामी भएर शान्तभवनमा उपचारका लागि भर्ना हुँदा मैले नै जाँचेको थिएँ। पहिलोचोटि भेट हुँदा नै म घायल भइसकेको रहेछु। तर, मुख खोलेर केही भन्न सकिरहेको थिइनँ। त्यसको ठीक दुई वर्षपछि शुभकी आमा बिरामी भएर वीर अस्पतालमा हुँदा संयोगले त्यहाँ पनि मैले नै उपचार गर्ने अवसर पाएँ। आमा अस्पतालबाट डिस्चार्ज हुनु एक दिनअगाडि अचानक शुभसँग फेरि देखादेख भएपछि हामीले एक-आपसमा फोन साटासाट गरेर डेटिङमा जान थाल्यौं। पाटन अस्पतालमा हामीबीच भएको पहिलो भेटमै शुभका आमा-बुबा भलाद्मी डाक्टर भन्दै मसँग प्रभावित भइसक्नुभएको रहेछ। जसले गर्दा हतारमा विवाह गर्नुपरे पनि हामीलाई कतैबाट कुनै रोकतोक भएन।

**त्यसपछि ?**

शुभ श्रेष्ठ : नेपालमा सुविधा सम्पन्न जागिर खाइरहेको मान्छे अस्ट्रियामा आएपछि फेरि शून्यबाट काम थाल्नुपर्ने भयो। श्रीमान्को छात्रवृत्तिबाट आउने पैसाले घर व्यवहार चलाउन निकै मुस्किल भयो। अस्ट्रियामा जर्मनी भाषा नजानीकन केही कामै नहुने। श्रीमान्ले कलकत्तामा पढ्दा नै जर्मनी भाषा सिकिसक्नुभएकाले अलि सहज भए पनि उहाँ नहुँदा भने मलाई निकै असहज हुन्थ्यो। त्यसैले यहाँ आउनेबित्तिकै मैले पनि दुई महिना जर्मनी भाषाको कोर्स पढेँ। श्रीमान्लाई जर्मनी भाषा पूरै आउने भएकाले उहाँसँग जर्मनी भाषामै कुरा गर्न थालेपछि मलाई धेरै सजिलो भयो। त्यसपछि मैले यहाँ स्नातकोत्तर अध्ययन शुरू गरेँ।

श्रीमान्को छात्रवृत्तिले मात्र घर व्यवहार गर्न नसकिने समस्याले गर्दा पढ्दापढ्दै मैले ओपेकमा जागिरका लागि दरखास्त हालें। सायद नेपालमा विश्व स्वास्थ्य संगठनजस्तो अन्तर्राष्ट्रिय संस्थामा काम गरिसकेको अनुभवले होला ओपेकमा पनि सजिलैसँग जागिर पाएँ। त्यसपछि भने घर धान्न निकै सजिलो भयो।

**ओपेक पनि निकै राम्रो तलब पाउने कार्यालय हो। ओपेक छोडेर फेरि संयुक्त राष्ट्रसंघमा आबद्ध हुन पुग्नुको कारण ?**

शुभ श्रेष्ठ : जति ठूलो र सुविधा सम्पन्न संस्था हुन्छ तिनीहरूको नियम-कानुन पनि त्यत्तिकै कडा हुँदो रहेछ। ओपेकको कर्मचारी नियमावलीमा जागिर खाएको एक वर्षसम्म महिला कर्मचारी गर्भवती हुन नपाइने रहेछ। तर, म त्यहाँ जागिर खाएकै बेला गर्भ बोकिसकेकी थिएँ। त्यसैले प्राविधिक कारणले गर्दा अस्ट्रियामा पनि हुनेखाने जागिर छोड्न बाध्य हुनुपर्‍यो।

**त्यसपछि के गर्नुभयो त ?**

शुभ श्रेष्ठ : ओपेकको जागिर छोडेपछि पहिला बच्चा जन्माउनमा समय दिन थालेँ। पहिलो सन्तानका रूपमा छोरी पाएँ। अब त छोरी नै डाक्टर भइसकेकी छिन्। छोरी पाएको चार महिनापछि संयुक्त राष्ट्रसंघले कर्मचारी आवश्यकता परेको भन्दै प्रकाशित गरेको एउटा विज्ञापनमा आवेदन दिएँ। त्यहाँ पनि विश्व स्वास्थ्य संगठन र ओपेकजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूमा काम गरिसकेको अनुभवले धेरै काम गरेछ। लिखित र मौखिक दुवै परीक्षा पास गरेँ। परीक्षा सकेको दुई हप्तामै काम गर्न बोलायो। अब त तपाईं युरोपमै भएका बेला ३० जुन २०१७ मा मेरो अवकाश हुँदै छ। झन्डै ३८ वर्षको सेवापछि म संयुक्त राष्ट्रसंघबाट बिदा हुँदै छु।

**साधारण परिवारमा जन्मी-हुर्की गरेर विदेशमा आएपछि पनि तपाईंले यत्रो उचाइ प्राप्त गर्नुभयो। तपाईंले यहाँ पाउँदै आउनुभएको तलब कुनै नेपालीले कल्पना पनि गर्न नसकिने रहेछ। यति लामो समय संयुक्त राष्ट्रसंघमा काम गरेपछि आफू जन्मेको देशका लागि चाहिं के योगदान गर्नु भो त ?**

शुभ श्रेष्ठ : तपाईंले राम्रो प्रश्न गर्नुभयो। मेरो मनको कुरा बोलिदिनुभयो। राष्ट्रको माया आफ्नो देशमा भन्दा बाहिर आएपछि झन् बढ्ने रहेछ। कैयौं गुणा बढी। जुन दिन मलाई संयुक्त राष्ट्रसंघका विभिन्न एजेन्सीहरूबाट गरिब मुलुकहरूलाई सहयोग गर्न सकिन्छ भन्ने कुरा थाहा भो, सोही दिनदेखि अहोरात्र नेपाललाई कहाँ, कुन संस्थाबाट कसरी सहयोग जुटाउन सकिन्छ भनेर होमवर्क गर्न थालेँ। शुरूमा संयुक्त राष्ट्रसंघको युनाइटेड नेसन वुमन गिल्टबाट विकासोन्मुख राष्ट्रलाई सहयोग गर्न सकिन्छ भन्ने थाहा पाएपछि नेपालको गोदावरी एल्मुनाई एसोसिएसनलाई राम्रै सहयोग जुटाएँ। यसै गरी संयुक्त राष्ट्रसंघमा काम गर्ने कर्मचारीहरूका श्रीमतीले चलाउने संस्था यूएचडब्ल्यूजी (UHWG) मार्फत् पनि नेपालका धेरै संस्थाहरूलाई सहयोग जुटाउन मद्दत गरेकी छु।

केही वर्षअघि धुलिखेल अस्पतालमा साना बच्चाहरूलाई राख्ने इन्कोभेटर वार्डका लागि पनि सहयोग जुटाएकी छु। त्यसै गरी नेपालका गरिब तथा विपन्न बच्चाहरूको अध्ययनका लागि राजधानी र राजधानीबाहिरका तीनवटा स्कुल छानेर हामीले निरन्तर सहयोग जुटाइरहेका छौं। जसमा विद्याराम श्रेष्ठको नेतृत्वमा स्थापना भएको किन्डर हिल्फे नेपाल डिप्लोमा इन्जिनियर नामक संस्थामार्फत् आफू जन्मेको ह्युमत टोलमा स्थापित राष्ट्रिय निम्नमाध्यमिक विद्यालय र लुम्बिनीका स्कुलहरूलाई आवश्यक फोटोकपी मेसिन, कम्प्युटर, पानी तान्ने मेसिन आदि सहयोगस्वरूप पठाइरहेका छौं।

विदेशमा स्थापित सबैभन्दा पहिला बनेको अस्ट्रियाको एनआरएनको पहिलो अध्यक्ष बनेपछि मलाई नेपालका लागि सहयोग जुटाउन अझ सहज बनायो। नेपालमा आएको महाभूकम्पका बेला संयुक्त राष्ट्रसंघले भूकम्पको लगत्तै हेल्थ अर्थक्विक भिक्टिम इन नेपाल आदि नामले नेपाललाई सहयोग गर्न पहिलो प्राथमिकतामा राखेका प्रोजेक्टहरूबाट रकम उठाएर नेपालमा सहयोग पठाउन सकिएकोमा धेरै आत्मसन्तुष्टि मिलेको छ।

**तपाईंले एनआरएनको कुरा उठाइहाल्नुभयो। तपाईं त झन् विदेशमा बनेको पहिलो एनआरएन संस्थाकी पहिलो महिला अध्यक्ष हुनुहुँदो रहेछ। नेपालमा अहिले एनआरएनको शुरूमा जस्तो राम्रो छाप छैन। वर्षको एकचोटि अधिवेशन वा अन्य कुनै नाममा भेला हुने बेला ठूलो होहल्ला गर्छन्। देशलाई सहयोग जुटाउने ठूला-ठूला प्रोजेक्टहरूको चर्चा हुन्छ। सम्मेलनसँगै ती चर्चाहरू पनि सेलाउँदै जान्छन् भन्ने आरोप छ नि तपाईंहरूमाथि ?**

शुभ श्रेष्ठ : मलाई त्यस्तो लाग्दैन। आफू जन्मे-हुर्केको देशलाई सहयोग गर्नुपर्छ भन्दै संसारभर छरिएर बसेका नेपालीहरू एकै ठाउँमा भेला हुनु नै ठूलो कुरो भइसक्यो। यहाँ अस्ट्रियामा बसाइँ सरेर आएका कैयौं पूर्वी युरोपका मानिसहरू र अझ कैयौं एसियाका मानिसहरूमै म त्यति देशप्रेमको भावना देख्दिनँ। धन्न नेपालीहरूमा त्यस्तो भावनाको जागृति भएको छैन। आफूले सकेको हर किसिमको सहयोग गर्नुपर्छ भन्ने भावनाले भूकम्पको बेला विदेशमा बसेका नेपालीहरूले आफूले रगत-पसिना गरी कमाएको पैसा सहयोगस्वरूप पठाएको कुराले पनि माथिको कुरालाई खण्डन गर्छ जस्तो लाग्छ। अहिले पनि नेपालका विकट ठाउँहरूमा एनआरएनमार्फत् धेरै प्रोजेक्टहरू सञ्चालन भइरहेका छन्।

'अतिथि देवो भव' भन्ने नारासँगै नेपालमा विदेशी पर्यटकहरू ल्याउन एनआरएनमार्फत् ठूलो सहयोग भइरहेको जगजाहेर नै छ। शुरूमै एनआरएनबाट धेरै अपेक्षा राखेकाले पनि यस्तो महसुस भएको हुनुपर्छ। म दाबीका साथ भन्छु- एनआरएनको गठनबाट देशलाई बेफाइदा होइन, फाइदैफाइदा भएको छ।

धारा प्रवाह अंग्रेजी, जर्मनी र फ्रेन्च भाषा बोल्ने शुभ श्रेष्ठसँग यसरी लामो कुरा हुँदै गर्दा उनी साँच्चीकै बहुआयामिक व्यक्तित्वकै धनी भएको थाहा पाइयो। कलेज पढ्दै गर्दा नै विभिन्न साहित्य सम्मेलन, वादविवाद प्रतियोगिता, हाजिरी-जवाफ प्रतियोगिताहरूमा भाग लिएर दर्जनौं पुरस्कार जितिसकेकी रहिछन् उनले। भन्छिन्- मुमा बडामहारानी रत्नराज्य लक्ष्मी शाहको हातबाट पनि थुप्रै पुरस्कारहरू थापिसकेकी छु। कुराकानीकै सिलसिलामा थाहा पाइयो, उनी एनसीसीका सफल राष्ट्रिय ट्रेनर हुनुका साथै कलेजका स्टुडेन्ट युनियनका सदस्यसमेत बनिसकेकी रहिछन्।

संसारको सबैभन्दा सुन्दर र व्यवस्थित शहर भियनामा आफ्नो जीवनको झन्डै आधा समय बिताएर भर्खरै अवकाश जीवन शुरू गरेकी शुभ श्रेष्ठलाई आफ्नो सफलताबाट नेपालीले के सिक्ने भनी राखेको प्रश्नको जवाफ भने निकै छोटकरीमा दिन चाहिन्। भन्छिन्- अध्ययन, मेहनत, परिश्रम, अनुशासित र इमानदारिताले मानिसलाई संसारको जुनसुकै ठाउँमा स्थापित गराउन सकिन्छ। अस्ट्रियामा जस्तै बच्चैदेखि स्कुलमा समयको महत्त्व अनि संस्कार र सभ्यता सिकाउने हो भने नेपाल पनि अस्ट्रियाजस्तै व्यवस्थित र सुन्दर देश बन्न धेरै समय लाग्दैन। राम्रो शिक्षा हासिल गरेका विद्यार्थीबाटै असल र इमानदार नेता जन्मने हुन् भन्ने कुरा हाम्रा देशका नेतादेखि जनतासम्मले हेक्का राख्नुपर्छ।

**अन्त्यमा तपाईंले आफ्नो जीवनमा गरेकामध्ये केही सम्झनलायक राम्रा कुराहरू ?**

शुभ श्रेष्ठ : जीवनमा धेरै संघर्ष गरेँ। दु:ख गरेँ। मलाई यहाँसम्म ल्याउनमा मद्दत गर्न राम्रो शिक्षा-दीक्षा दिनुहुने मेरा माता-पिताप्रति म सबैभन्दा अनुग्रहित छु। जीवनको हरेक उत्तारचढावमा साथ दिने श्रीमान्प्रति व्यक्त गर्ने शब्द मैले अझसम्म फेला पार्न सकेकी छैन। अस्ट्रियाजस्तो अनकन्टार देशमा दुई-दुई जना छोरीहरूलाई हुर्काउन उहाँले नसघाएको भए आज म संयुक्त राष्ट्रसंघजस्तो संस्थाको यो पदमा पुग्ने हैसियत बनाउन सक्ने थिइनँ होला सायद।

अन्त्यमा एउटा कुरा राख्न चाहन्छु। संयुक्त राष्ट्रसंघको पछिल्लो २० वर्षको समय मैले न्युक्लियर अटोमिक इनर्जी एजेन्सीमा बिताएँ। यो संस्थामार्फत् मैले पछिल्लो समयमा आफू जन्मेको देश नेपाललाई धेरै सहयोग पनि जुटाएँ। शुरूमै नेपाललाई धेरै सहयोग जुटाउन सकिन्थ्यो। तर दुर्भाग्य के भइदियो भने, मेरो संस्थाको नाम न्युक्लियर भन्ने शब्दसँग जोडिएकाले नेपालबाट अस्ट्रिया आउने कुनै पनि मन्त्री र अन्य नेताहरूलाई आफ्नो कार्यालयका बारे राम्ररी बुझाउनै सकिएन।

न्युक्लियर भए पनि म आबद्ध संस्थाको काम क्यान्सर, पानी, वन, कृषिजस्ता विधामा काम गर्ने हो र यो संस्थासँग आबद्ध भएर नेपाल सरकारले देशका लागि धेरै सहयोग लिन सकिन्छ भनी बुझाउँदा बुझाउँदै धेरै समय बर्बाद भयो। अन्त्यमा जर्मनीका लागि नेपालका राजदूत डा. मदनप्रसाद भट्टराईलाई कुरा बुझाउन सकिएपछि उहाँकै पहलमा नेपाल सरकार यस संस्थासँग आबद्ध भई अहिले नेपालले यस संस्थाबाट धेरै सहयोग लिइरहेको छ। संयुक्त राष्ट्रसंघबाट बिदा हुनुअघि नै आफ्नो तर्फबाट देशलाई केही योगदान गर्न पाएकोमा म अत्यन्त हर्षित र आफूलाई गौरवान्वित महसुस गर्न पाएकी छु। अब एक वर्ष जति म आराम लिनेछु र त्यसपछि पुन: म आफू जन्मेको देशको सेवामा समर्पित हुनेछु।



तस्वीर : प्रभु श्रेष्ठ

वैशाख १२ गते नेपालमा गएको महाभूकम्पबाट पीडितहरूको सहयोगार्थ अस्ट्रियामा भएको एक कार्यक्रममा श्रीमान् डा. हेमन्त राणासँग।

प्रस्तुति : पुष्करलाल श्रेष्ठ

# सेलिब्रेटिङ कवितामा लम्सालका गीत र कविता

हेटौंडा, (नेस)। हेटौंडामा शनिबार भएको *सेलिब्रेटिङ कविता*को दोस्रो शृंखलामा कवि, गीतकार तथा रेडियो कार्यक्रम प्रस्तोता डा. नवराज लम्सालले आफ्ना छन्द तथा गद्य कविता सुनाएर मकवानपुरबासीलाई मन्त्रमुग्ध तुल्याए।

उनको *धरा* महाकाव्यमा समेटिएको कवितामाथि नाटकसमेत मञ्चन गरियो। लम्सालका कविता कृति तथा व्यक्तित्वमाथि मकवानपुरका विश्लेषक घनश्याम घिमिरेले विमर्श गरेका थिए।

कार्यक्रममा गायक अञ्जन दाहाल र प्रलय चौलागाईंले लम्सालले लेखेका दुई गीत सुनाएका थिए। गायक दाहालले *सायद मायामा फसिएछ* गीत गाउँदा अर्का गायक चौलागाईंले *दिलको कुरा नगर दिलमाया, धेरै भयो सिसाझैं फुटेको* गाएका थिए।

डा. लम्साल २०५९ सालमा नेपाल प्रज्ञा प्रतिष्ठानको *राष्ट्रिय कविता प्रतियोगिता*मा प्रथम भएका थिए। गीतकार डा. लम्सालका करिब ३ सय गीत रेकर्डिङ भइसकेका छन्। रेडियो नेपालबाट स्रोताको सुख-दुःखको साथी बनेका लम्साल रेडियो कार्यक्रम *मधुवन*का प्रस्तोता र रेडियो नेपालका उपनिर्देशक हुन्।

कवि लम्सालले दिमाग र आँखामा राजनीतिक दल राखेर सिंगो मुलुकको कविता लेख्न नसकिने बताए। स्वरिलो छन्दसहित उनले *प्रवृत्ति* शीर्षकको कविताबाट वाचन शुरु गरेका थिए। त्यसपछि उनले सुनाए- *कविताको घोषणापत्र*। उनले *फर्कन्छु साथी म त* शीर्षक कविता पनि प्रस्तुत गरे ।

कवि डा. लम्सालले कविताले राष्ट्रलाई जोड्नुपर्ने र आशाका किरण छर्न सक्नुपर्ने जिकिर गरे। करिब साढे २ घण्टा चलेको कार्यक्रममा उनले एक दर्जन बढी छन्द र गद्य कविता प्रस्तुत गरेका थिए। कुशल गीतकार उनका गीतमा नातिकाजी, फत्तेमानलगायत गायक तथा संगीतकारका साथै युवा पुस्ताका चर्चित कलाकारले स्वर र संगीत भरिसकेका छन्।

सेलिब्रेटिङ कविता टिमको आयोजनामा भएको कार्यक्रमले कविताको माध्यम प्रयोग गरेर विद्यार्थी, साहित्यकर्मी, राजनीतिज्ञ, सरकारी र गैरसरकारी कर्मचारी, उद्योगी, व्यापारीलाई साहित्यको माधुर्यताबाट मनोरञ्जन गराउने उद्देश्य लिएको बताइएको छ।



# ब्राउन रिहानाको पछि-पछि





अमेरिकन पप गायक क्रिस ब्राउन आफ्नी पूर्वप्रेमीका गायिका रिहानालाई फेरी आफ्नो जिन्दगीमा फर्काउन चाहन्छन्। एजेन्सीका अनुसार त्यस कारण उनी लगातार रिहानालाई टेक्समार्फत् सन्देशहरू पठाइरहेका छन्।

एसोबिज डट कमका अनुसार ब्राउन केही महिनादेखि रिहानालाई सन्देश पठाइरहेका छन्। उनी रिहानालाई आफ्नो जिन्लगीमा फर्काउने कोशिस गरिरहेका छन्। तर, उनी आफ्नो प्रयासमा भने आजसम्म सफल हुन सकेका छैनन्। रिहाना हाल हसन जमीलसँग सम्बन्धमा छिन्। रिहानाको नया प्रेमी हसनको कारणले ब्राउनलाई कुनै पनि तनाव छैन। किनभने उनलाई लाग्छ कि रिहाना र हसनबीचको सम्बन्ध लामो समयसम्म टिक्दैन।

# पूर्व नेपाल सुन्दरी फिल्म बनाउँदै
## निर्देशक पति जीपी



सन् २००० की *मिस नेपाल* उषा खड्गी पनि फिल्म निर्मात्री भएकी छिन्। उषाले तिहार लगत्तै सुटिङ थालिने फिल्म *आउँदै जाँदै* निर्माण गर्ने भएकी हुन्। विज्ञापन र भिडियो निर्माणमा सक्रिय रहँदै आएका उनका पति जीपी तिमिल्सिनाले यही फिल्मबाट निर्देशकका रूपमा डेब्यु गर्दै छन्।

उषा र जीपीले आइतबार राजधानीमा आयोजित एक समारोहबीच फिल्म निर्माणको घोषणा गरेका हुन्। नवनिर्मात्री तथा पूर्व नेपाल सुन्दरी खड्गीले आफ्नो ब्यानरको पहिलो कोशेली सरल र सटिक हुने बताइन्। त्यस्तै फिल्मका निर्देशक जीपी तिमिल्सिनाले फिल्म विशुद्ध रोमान्टिक र कमेडी धारमा हुने बताए। उनका अनुसार फिल्मले २६/२७ वर्षे युवाको अभावको कथालाई समेट्ने छ। चलचित्रका मुख्य पात्र छनोट गर्ने काम ९० प्रतिशत सकिए पनि त्यसले पूर्णता पाउन अझै हप्ता दिन लाग्ने तिमिल्सिनाले बताए। उनले झण्डै १ करोड रुपियाँ बजेट विनियोजन गरिएको फिल्म अस्ट्रेलियामा पनि छायांकन गरिनेसमेत बताए।

कौशल्या फिल्म्स् र एएसएपी इन्टरटेनमेन्ट (अस्ट्रेलिया) को ब्यानरमा निर्माण हुने फिल्मका सहनिर्माताका रूपमा सन्तोष अधिकारी र मनोज श्रेष्ठ रहेका छन्। त्यस्तै सामिप्यराज तिमिल्सिना र प्रज्ञान थापाको लेखन रहेको छ।

सञ्चारकर्मी नरेश भट्टराईद्वारा सञ्चालित कार्यक्रममा चलचित्र पत्रकार संघका अध्यक्ष सन्दीप सापकोटा, नेपाल चलचित्र प्राविधिक संघका अध्यक्ष पुष्कर लामा, नेपाल चलचित्र कलाकार संघका अध्यक्ष रामकृष्ण बोगटीलगायतले फिल्मको सफलताका लागि कामना गरेका थिए।

# रोजिना मिसेस नेवाः

ललितपुर, (नेस)। ललितपुरकी रोजिना शाक्य मिसेस नेवाः को ताज पहिरिन सफल भएकी छिन्।

राजधानीको राष्ट्रिय नाचघरमा शुक्रबार आयोजित *मिसेस नेवाः* मा प्रमुख अतिथि चर्चित कलाकार मदनकृष्ण श्रेष्ठले शाक्यलाई ताज पहिर्‍याएका हुन्। टिफ अफ म्यानेजमेन्ट (केटिएम) द्वारा आयोजना गरिएको *मिसेस नेवाः* २०१७ हेर्न हरेक प्रतियोगीका श्रीमान्सँगै सासू-सुसुराहरूको पनि उपस्थिति थियो। १४ जना प्रतियोगीलाई उछिनेर रोजिनालाई मिसेन नेवाः घोषित गरिँदा २९ वर्षीया रोजिनाका श्रीमान् शील शाक्यसँगै सासू लक्ष्मी शाक्यको उपस्थिति रहेको थियो।



सबैको उपस्थितिका बीच ताज पहिरिन सफल हुनुले महिला सशक्तीकरणका लागि अझ दह्रासँग अघि बढ्ने मनोबलका साथ नयाँ सम्भावनाको ढोका खुलेको उनले बताइन्। ललितपुर महानगरपालिका-६ की सामाजिक परिचालकसमेत रहेकी शाक्यले भनिन्- 'यो ताज मलाई अघि बढ्न आत्मविश्वास र हौसलाको प्रतीकका रूपमा रहनेछ।'

'महिलालाई घरबाहिर पठाउन नहुने, पुरुष र सासू-सुसुराको नियन्त्रणमा रहनुपर्ने जस्ता पुरातन मानसिकता जरो गाडेको समाजमा विवाहित स्त्रीहरूको सौन्दर्य प्रतियोगिता समाज एक हिसाबले क्रान्तिकारी कदम नै हो' -हास्यव्यंग्य अभिनेता श्रेष्ठको भनाइ थियो। *मिसेस नेवाः* मा उमेर छँदै श्रीमान् गुमाउनुपरेका स्वयम्भुका नानीछोरी महर्जनको उत्तरले पनि सहभागीहरू दर्शकलाई निकै भावुक बनाएको थियो। निर्णायक मण्डलमा रहेका मातृभाषा शिक्षाका अभियन्ता दीपक तुलाधरले उनलाई सोधेका थिए- 'तपाईंको जीवनको आदर्श व्यक्ति को हो?' उनले सहजै उत्तर दिइन्- 'राष्ट्रपति विद्यादेवी भण्डारी, जो एकल महिला भएर पनि अघि बढिरहिन्। किनकि म पनि एकल महिला हुँ।' प्रतियोगितामा ग्रिष्मा तुलाधर *फर्स्ट* र सरिता नेम्कुल *सेकेन्ड रनर्सअप*का साथ *बेस्ट हेयर* भए। त्यस्तै रमिता वज्राचार्य *फोटोजेनिक*, एलिशा शाक्य *क्याटवाक*, गंगा अवाले बेस्ट नेपाल भाषा, सरिता महर्जन *पब्लिक च्वाइस* र शिला पुजारी *बेस्ट स्माइल* भए।


कामनाको हरेक अंक विशेष अंक




सर्वत्र बजारमा उपलब्ध छ

यस अंकका आकर्षणहरू:

**दीपक दीपाले किन लिएनन् अवार्ड?**

यस वर्षको अवार्डको खाता खोल्दै सम्पन्न एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा छक्का पञ्जाको नाममा सर्वोत्कृष्ट फिल्म, निर्देशक, अभिनेतृसहित ५ विधाको अवार्ड घोषणा भयो। तर दीपकराज गिरी, दीपाश्री निरौलालगायत छक्का पञ्जाको नाममा अवार्ड घोषणा हुनुअगाडि नै कार्यक्रमस्थलबाट बाहिरिए, किन? विशेष रिपोर्ट।

**प्रियंकाद्वारा खुलमखुला चुम्बन गरेर प्रेम प्रदर्शन**

एनएफडीसी नेसनल फिल्म अवार्ड २०७३ मा हलिउड बलिउड शैली अपनाउँदै नायिका प्रियंका कार्कीले सर्वोत्कृष्ट नायिकाको अवार्ड जितेको उन्मादमा आफ्ना प्रेमी नवनायक आयुष्मान जोशीलाई आफ्नो र उनको आमाका साथमा सबैका सामु भरिभराउ हलमा अधरमै चुम्बन गरिदिइन्। रोचक रिपोर्ट।

**वर्तमान संगीत : कसैको नजरमा उर्वर, कसैको अनुभवमा दयनीय**

वर्तमान संगीत क्षेत्रलाई नियाल्ने क्रममा सम्बन्धित संगीतकर्मीमध्ये नै कसैले यसलाई उर्वर पाएका छन् भने कतिपयको अनुभवमा दयनीय अवस्था पनि देखिएको छ। खासमा के छ नेपाली संगीतको वर्तमान अवस्था? संगीतकर्मीकै अनुभवमा विशेष रिपोर्ट।

**८९/१० फिल्म सफल**

नेपाली फिल्मको निर्माण र प्रदर्शनमा व्यापक वृद्धि भए पनि असफल फिल्मको बाढी उर्लंदै गएको छ। झन्डै ९० फिल्म रिलिज भएको बजारमा मुस्किलले १ दर्जन फिल्मले मात्र व्यापारिक सफलता हासिल गरेको पाइएको छ। के कति कारणले फिल्मको व्यापारमा ह्रास आइरहेको छ? व्यापारिक समीक्षा।

**रंगमञ्चबाट रजतपटमा**

कुनै बेला रंगमञ्चीय कलाकार फिल्मका लागि उपयुक्त हुँदैनन् भन्ने मानिन्थ्यो। तर अहिलेको फिल्म क्षेत्र लगभग रंगमञ्चबाट आएकै कलाकारको भरथेगमा अगाडि बढिरहेको छ। पुरानै कुरा सम्झिने हो भने पनि नेपालमा फिल्म निर्माण आरम्भ हुँदा निर्माण भएको आमामा शीर्ष भूमिकमा निर्वाह गर्ने अभिनेतृ चैत्यदेवी र सोही फिल्ममा नायिकाको भूमिका निर्वाह गर्ने भुवन थापा (चन्द) पनि रंगमञ्चबाट फिल्ममा आएका थिए। कसरी धानिरहेका छन्, रंगमञ्चका कलाकारले फिल्म क्षेत्र? विस्तृत रिपोर्ट।

**मारवाडी समुदायबाट मिस नेपाल**

मिस वर्ल्डजस्तो अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा प्रमुख उपाधि चयन गर्ने व्यवस्थालाई पछ्याउँदै एक जनाबाहेक फाइनलमा पुगेका बाँकी ६ जना प्रतिस्पर्धीको कानमा बाहिरको आवाज सुन्न नसकिने एयरफोन लगाउन लगाई सोधिएको प्रश्नमा तार्किक जवाफ दिँदै उर्लाबारी, मोरङकी मारवाडी समुदायबाट निकिता चाण्डकले यसपालिको मिस नेपालको ताज कसरी चुमिन्? विस्तृत रिपोर्ट।

**साथमा**

बलिउडसम्म छाउँदै अदिती, कलाक्षेत्रको वर्ष दिन, फेरिँदै फेसन शैली, सेलिब्रेटी राज : आमा भए पनि उमेर बढे पनि उस्तै, पिताको चार उपहार शाहरुखलाई ठूलो पाठ, यसरी हुन्छ मिस युनिभर्स। फोवीलाई फिल्मबाट पछुतो, ज्याकी चान हङकङदेखि हलिउडसम्म, कलाक्षेत्रले गुमाएका कलाकर्मीहरू ।

**तथा**

नियमित स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, पेटारो र हुइयाँ

आफ्नो प्रति समयमै सुरक्षित गर्नुहोस्।

# विचार

{ मूर्खलाई ज्ञान दिन खोज्ने ऊ स्वयम् मूर्ख हो। किनभने मूर्खले आफ्नो अहंकारको कारणले आफूलाई ज्ञानी नै ठानिरहन्छ।
- तिरुवल्लुवर

{ जनभाषालाई कवितामा कसरी प्रवेश गर्न दिने र जनभाषाबाट कवितालाई कसरी निकाल्ने ? यो समस्या आजको हो।
- भ्लादिमिर मायाकोबस्की

सम्पादकीय नेपाल समाचारपत्र

## संघीयतालाई कार्यान्वयनमा

मुलुक संघीयतामा गएपछि कहाँ कति जनशक्ति आवश्यक छ भन्ने विषयमा व्यापक छलफल भइरहेका बेला नेपाल प्रहरीले भने अहिले के–कति आवश्यक जनशक्ति चाहिन्छ भन्ने विषयमा छलफल चलाएको छ। अन्य निकायले आफ्नो जनशक्ति के–कति चाहिन्छ भन्ने विषयमा खासै संख्या निर्धारण गर्न नसके पनि नेपाल प्रहरीले भने अब संघीयतामा जाँदा झण्डै ४० हजार प्रहरीको संख्या अपुग हुने बताएको छ।

अहिले रहेको ७० हजारको जनशक्तिमा ४० हजार थप गरेर अगाडि बढे मात्रै संघीय अवधारणाअनुरूप संख्या पुग्ने नेपाल प्रहरीले बताएको छ। गृह मन्त्रालयले समेत नेपाल प्रहरीको रूपान्तरणका लागि गृहकार्य अगाडि बढाएको कारण संघीयताले अब भने मूर्त रूप पाउने लगभग पक्कापक्की भएको छ। गृह मन्त्रालयले नेपाल प्रहरीको मात्र होइन अन्य सुरक्षा निकायको समेत रूपान्तरण गर्न मन्त्रालयले प्रयास गरेको खबर बाहिर आएको छ। यसले अब संघीयतालाई कसरी कार्यान्वय गराउने भन्ने अभ्यासको मात्रै खाँचो रहेको छ। संघीयतामा गएका अन्य मुलुकको यस बारेमा अपनाइएका विधि र प्रक्रियालाई हेर्नु अहिलेको आवश्यकता हो। यस विषयमा गृह मन्त्रालयमात्र होइन अन्य सरकारी निकायले पनि संघीयतामा आफ्नो स्थानको बारेमा जानकारी लिनुपर्दछ र सोहीअनुरूपको समायोजन प्रक्रिया अपनाउनुपर्दछ।

गृह मन्त्रालयले प्रहरीको संख्या थप गर्नुपर्ने बताइरहेको बेला नपुग संख्या कहाँबाट पूर्ति गर्ने भन्ने विषयमा टुंगो लाग्न सकेको छैन। प्रदेश प्रहरीसमेत रहने भएकाले केन्द्रबाट खटिने प्रहरीबाहेक अन्य प्रहरीको विषयमा भने प्रदेशसँग नै सल्लाह गर्नुपर्ने कुरालाई भने केन्द्र सरकारले ध्यान दिनु जरुरी छ। संघीयताले अहिलेसम्म पूर्णता पाउन नसके पनि कार्यान्वयनको चरणमा रहेकाले यसको कार्यान्वयन अहिले आवश्यकता हो। संघीयतामा अन्य निकायको कर्मचारीलाई कसरी खटाउने भन्ने विषयमा देखिएको अन्योल हटाउने उपाय अवलम्बन गर्न सरकारले ढिलो गरिहरेको गुनासो सुनिन थालेको छ, यसमा पनि राज्यको ध्यान जान जरुरी छ।

**लेखकहरूलाई अनुरोध**

१००० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# विदेशप्रतिको अधिक निर्भरता



दुनबहादुर बुढाथोकी

"वैदेशिक रोजागारका तमाम दुर्गुणका बाबजुद पनि अल्पकालमा यस क्षेत्रलाई लत्याउन सकिने अवस्था छैन। तसर्थ, वैदेशिक रोजगारका क्षेत्रमा छिपेका विकृतिको शल्यक्रिया गर्दै वैदेशिक रोजगारप्रतिको अधिक निर्भरता तोड्नु अहिलेकोआवश्यकता हो। नत्र यो वैदेशिक रोजगारी वरदान नभई अभिसाप बन्न बेर लाग्दैन।"

बेरोजगारी नेपालको विकराल समस्या हो। मुलुकमा आर्थिक गतिविधि धिमा हुनु र बर्सेनि करिब ४.५० लाख श्रमशक्ति श्रमबजारमा ओइरनुले बेरोजाारी बढाएको हो। अन्तर्राष्ट्रिय श्रम संगठनको सर्वेक्षणले पूर्ण बेराजगार १९.२ प्रतिशत र अर्धबेरोजगार २८.३ प्रतिशत देखाएको छ। यही रोजगारको अभावमा युवातप्का विदेश पलायन हुन बाध्य भएका हुन्।

वैदेशिक रोजगारमा मूलतः प्रजातन्त्र प्राप्तिपश्चात् जान थालिएको हो। सरकारले ०५०।५१ बाट मात्र वैदेशिक रोजगारमा जानेको तथ्यांक राखेको पाइन्छ। ०५०।५१ देखि २०७१।७२ सम्ममा ४४ लाख ५३ हजार विदेश पुगेका छन्। ०७२।७३ मा ४ लाख १८ हजार विदेशिए। देशगतरूपमा ०७२।७३ मा साउदीमा १ लाख ३८ हजार, कतारमा १ लाख २ ९ हजार, मलेसियामा ६० हजार, युएईमा ५२ हजार, कुबेतमा १० हजार, कोरियामा ७ हजार, बहराईनमा ३ हजार, ओमानमा ३ हजार पुगेका छन्। विभागको आँकडामा भारतमा रहेका करिब १५ लाख नेपाली समेटिएका छैनन्। उक्तसहित ६८ लाख पुग्छ। यसको अर्थ प्रत्येक ४ मध्ये १ नेपालीले विदेशी भूमिलाई सिञ्चित गरिरहेका छन्। उक्त हिस्सा कुल जनसंख्याको करिब २२ प्रतिशत हो।

विप्रेषणबापत ०७१।७२ मा रु. ६ खर्ब १७ अर्ब भित्रिएकोमा ०७२।७३ मा ६ खर्ब ६५ अर्ब पुगेको छ। अनौपचारिक क्षेत्रबाट भित्रने विप्रेषणसमेत जोड्दा झन्डै ७ खर्ब अधिक पुग्छ। यहाँनिर महत्वपूर्ण कुरा ०७२।७३ मा विप्रेषण आय जीडीपीको ३२.१० प्रतिशत पुग्यो वा विप्रेषण आय वार्षिक १० प्रतिशतका दरले बढ्दो छ भन्ने होइन, महत्वपूर्ण कुराचाहिँ किन विप्रेषण आयको २/३ प्रतिशत भन्दा बढी हिस्सा उत्पादनमूलक क्षेत्रमा उपयोग हुन सकिरहेको छैन वा गाउँमा विप्रेषण संकलन गर्ने बैंकको अभाव छ भन्ने हो। जब कि विप्रेषण भित्र्याउने सोपानमा नेपाल छैटौं स्थानमा छ।

वैदेशिक रोजगार प्रवर्द्धनमा श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डलगायतका सरकारी निकायहरू संलग्न छन्। परन्तु यी निकाय प्रदत्त कार्य प्रभावकारी हुन सकेको छैन। श्रम तथा रोजगार विभागमा पर्ने उजुरी, विदेशमा नेपाली श्रमिकमाथि हुने विभेद, अधुरा कागजातका कारण विदेशमा पर्ने अलपत्र उक्त कुराको सबुत हो। श्रमशक्ति पठाउने कार्यचाहिँ निजी कम्पनीहरूले गरिरहेका छन्। परन्तु वार्षिक ६ खर्ब ७९ अर्ब भित्र्याउने कार्यमा संलग्न मेनपावर कम्पनीहरूको सामाजिक ख्याती अमर्यादितपूर्ण छ। यसको आशय वैदेशिक रोजगारको क्षेत्रमा थुप्रै कमी-मजोरीहरू छन् भन्ने नै हो। कमी-कमजोरी विशेष गरी अभिमुखीकरण, पारिश्रमिक, ठगी, श्रम सम्झौता आदि क्षेत्रमा छ।

बर्सेनि ७ खर्ब भित्र्याउने वैदेशिक रोजगार भरपर्दो, सुरक्षित र श्रमिकमुखी बन्न सकिरहेको छैन। रोजगारपूर्व अभिमुखीकरणको अभावमा दुर्घटना बढ्दो छ। अभिभुखीकरण नाम मात्रको हुने गरेको छ। विदेशिने नागरिकबाट तोकिएभन्दा अधिक शुल्क असुल भइरहेको छ। यहाँसम्म कि २०७२ आषाढ २१ देखि खाडीका ७ मुलुकमा लागू गरिएको फ्री भिसा, फ्री टिकटको व्यवस्थालाई मेनपावर व्यवसायीहरूले लत्याइरहँदा सरकार भने मुकदर्शक बनिरहेको छ। जहाँ मेनपावर कम्पनीहरूले रसिद नदिई मनपरि रकम असुल गरिरहेका छन्। बिमा नगरी रोजागारमा पठाउने हर्कत बढ्दो छ। सम्झौतामा उल्लेख भएभन्दा कम पारिश्रमिक दिने गरिएको छ। तोकिएको भन्दा निकृष्ट कार्यमा लगाउनु सामान्यजस्तै भएको छ। गन्तव्य मुलुकको कानुनसम्बन्धी सामान्य जानकारीसमेत नहुँदा कारबाही भोग्नुपर्ने बाध्यता छ।

कतिपय मेनपावर कम्पनी तथा तिनका दलालले प्रलोभन देखाएर विदेश पठाई लाखौं रुपियाँ असुलेर सर्वसाधारणलाई अलपत्र पार्ने गरेका छन्। विभागमा उजुरी हाल्दा रकम फिर्ता प्राप्त गर्न नसकिरहेको अवस्था छ। कतिपय मेनपावर कम्पनीले तोकिएको काममा फरक पर्ने गरी विदेशमा पठाउने गरेका छन्। कतिपय कामदार करारपत्रमा उल्लेख भएअनुसार तलब र सुविधा नपाउँदा एक-डेढ महिनामै फर्कनुपरेको छ। वैदेशिक रोजगार संक्षिप्त कार्यविधिमा कुनै पनि उजुरी दर्ता भएको ३ महिनाभित्र टुंगो लगाइसक्नुपर्ने उल्लेख छ। तर ठगी गर्ने मेनपावर कम्पनीविरुद्ध हालेको उजुरी २/३ वर्षसम्म सुनुवाइ हुन नसकेको अवस्था छ। उटै कोठामा २०/२५ जना कोचिएर बस्नु सामान्यजस्तै भएको छ। दैनिक १२/१४ घण्टा काममा जोतिनु नियतिजस्तै भएको छ। महिला कामदारको सुरक्षा ग्यारेन्टी गरिएको छैन। शारीरिक, मानसिक र यौनिक हिंसाबाट नेपाली महिला कामदार अछूत छैनन्। सरकारले लिबिया, इराक, अफगानिस्तानलगायका मुलुकमा रोजगारका लागि जान निषेध गरेको छ। तर बढी बेतन पाउने लोभमा नेपाली ती जोखिमयुक्त मुलुकमा पुग्ने गरेका छन्। त्यसरी अफगानिस्तानमा पुग्दा २०७३ मा असारमा १३ नेपालीले ज्यान गुमाएका हुन्। केही समयपूर्व सयौं नेपाली साउदी, कतार, मलेसिया, श्रीलंकालागयतका मुलुकमा अलपत्र अवस्थामा थिए। तर पनि मानव तस्करलाई कारबाही भएको कुनै समाचार सार्वजनिक भएन। प्रस्तुत तथ्यहरूबाट वैदेशिक रोजगारको क्षेत्र कसरी गुज्रिरहेको छ भन्ने छर्लङ्ग हुन्छ।

दैनिक १५ सयका दरमा युवाशक्ति विदेश पलायन हुँदाको सामाजिक लागत कम्ती भीमकाय छैन। युवाशक्ति पलायन हुँदा गाउँघरमा वृद्ध, अपांग, अशक्त, बालबच्चा र महिलाको कचरेघान छ। वृद्ध उमेर समूहको रेखदेख र सहारामा अभाव खड्किएको छ। पारपाचुकेको दर ह्वात्त उक्लिएको छ। असुरक्षित यौनका कारण एचआईभी संक्रमितको संख्या बढ्दो छ। आर्थिक लागत पनि त्यत्तिकै डरलाग्दो छ। श्रमशक्ति पलायनका कारण कलकारखाना र कृषिभूमिमा कार्य गर्ने श्रमिकको अभाव खड्किएको छ। ग्रामीण क्षेत्रमा करिब ३६ प्रतिशत व्याजदरमा कर्जा लिई विदेश पलायन हुँदा घरखेत लिलाम हुनेको संख्या पनि कम्ती छैन। विप्रेषणको उपयोग उत्पादनमूलक क्षेत्रमा गर्न नसक्दा वैदेशिक व्यापार घाटा ११ औं गुना फराकिलो भएको छ। आ.व. ०७२।७३ मा व्यापार घाटा ७ खर्ब ३ अर्ब चुलिनुमा विप्रेषण आयद्वारा निम्त्याइएको उपभोक्तावादी संस्कृति कम्ती जिम्मेवार छैन।

वैदेशिक रोजगारलाई अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रूपमा स्वीकार गरिएको कुरामा द्विविधा छैन। १ सय १० मुलुकहरूमा वैदेशिक रोजगारी खुला गरिनु वा विप्रेषण आय जीडीपीको करिब एक तिहाइ हुनु यसैको सबुत हो। वैदेशिक रोजागारका तमाम दुर्गुणका बाबजुद पनि अल्पकालमा यस क्षेत्रलाई लत्याउन सकिने अवस्था छैन। तसर्थ, वैदेशिक रोजगारका क्षेत्रमा छिपेका विकृतिको शल्यक्रिया गर्दै वैदेशिक रोजगारप्रतिको अधिक निर्भरता तोड्नु अहिलेको आवश्यकता हो। नत्र यो वैदेशिक रोजगारी वरदान नभई अभिसाप बन्न बेर लाग्दैन। वैदेशिक रोजगार व्यवस्थित, मर्यादित र सुरक्षित बन्न नसक्नु, वैदेशिक रोजगारको लागत न्यूनीकरण गर्ने उपायहरू अवलम्बन गर्न नसक्नु, न्यून लागतमा अधिक पारिश्रमकि प्राप्त हुने मुलुकहरूमा श्रम सम्झौता विस्तार हुन नसक्नु, वैदेशिक रोजगारमा दक्ष जनशक्तिको अनुपात वृद्धि गर्ने किसिमका कार्यक्रम विकास गर्न नसक्नु यस क्षेत्रका कमजोरी हुन्। त्यस्तै वैदेशिक रोजागरबाट प्राप्त विप्रेषण उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न नसक्नु, वैदेशिक रोजगारद्वारा प्राप्त सीप, कला, ज्ञान र प्रविधिलाई सदुपयोग गर्ने वातावरण निर्माण गर्न नसक्नु वैदेशिक रोजगारको मृगतृष्णा हो। यी मृगतृष्णा पर्गेल्न नसके वैदेशिक रोजगार वरदान होइन, अभिसाप बन्न सक्छ।

# पाठक पत्र

## राजनीतिको गलत प्रभाव

यो देशमा राजनीति यत्तिसम्म मौलाउँदै गयो कि यसले प्रभाव नपारेको कुनै क्षेत्र नै रहेन। राजनीति कहाँ गर्ने, कसले गर्ने, आफू कुन ठाउँमा छु, आफ्नो कर्तव्य के हो भन्ने कुरा सबैले बिर्सिसके। नेता बनाउने कार्यकर्ताले हो। कार्यकर्ता देखेर नेता डराउनुपर्नेमा नेता देखेर कार्यकर्ता डराएका छन्। सचिव देखेर उनीभन्दा तलका कर्मचारी डराउनुपर्नेमा तल्लो तहका कर्मचारी देखेर सचिव डराएका छन्। कर्मचारीले आफ्नो परिचय कर्मचारीका रूपमा होइन, पार्टी कार्यकर्ताका रूपमा दिँदा ठूलो मान्छे भएको ठान्दै छन्।

हुन पनि राजनीतिक दलको सदस्य बन्नु भनेको एकथरी मान्छेका लागि जे मन लाग्यो त्यही गर्न छुट पाउने अवसर भएको छ। नेपाली कांग्रेसको महाधिवेशनमा विश्वविद्यालयका पदाधिकारी, स्कुल, कलेजका शिक्षकसँगै सरकारीदेखि संघसंस्थानका कर्मचारीसमेत कार्यालयको काम छाडेर लागेका र कति त प्रतिनिधि बनेका भन्ने समाचार पनि बाहिर आइरहेका छन्। अब त एउटै व्यक्ति बहुरूपी परिचयमा देखिन थाले। यस्तो चरित्रका व्यक्ति अन्य दलहरूमा पनि देखिन्छन्। एउटा व्यक्तिले धेरै परिचय बनाउन सक्नु स्वयंका लागि गौरवको कुरा होला। तर यथार्थमा ऊ को हो ? उसलाई संरक्षण दिने नेताले बाहेक अरू कसैले चिन्न सक्दैनन्। नेताको संरक्षण पाउनेहरू सबै क्षेत्रका विज्ञ बनेका छन्। त्यसैको परिणाम देश सबै क्षेत्रमा तहसनहस भएको छ।

*- लोकराज पन्थी, बारा*

## युवाले नै किन कोशिश नगर्ने ?

भनिन्छ, युवा देशका कर्णधार हुन्, युवाका काँधमा मुलुक हाँक्न सक्ने जोश, जाँगर अनि क्षमता हुन्छ। तर विडम्बना, हाम्रो नेपालका अधिकांश युवा खाडी मुलुकमा पसिना बगाएर देशको अर्थतन्त्र धान्दै छन्। एकपटक वैदेशिक रोजगारमा गइसकेका युवा सकभर देशमै केही गर्ने मानसिकता लिएर फर्केका हुन्छन्। ती युवालाई उचित अवसर र साधन-स्रोत प्रदान गर्ने हो भने एक त देशमा रोजगारी सिर्जना हुन्छ, अर्कोतर्फ उद्यमशीलताको विकास पनि हुन्छ। सरकारले त यस्तो अवस्था सिर्जना गर्न सक्दैन नै, बरु हामी देशमा रहेका युवाले केही कोशिश किन नगर्ने ?

*- बबिता थापा, उदयपुर*

## दलित हलिया बस्तीको उद्धार होस्

बैतडीको सदरमुकाम मार्तडीसँगै जोडिएको बडिमालिका नगरपालिका-९, उखाडीमा रहेको दलित हलिया बस्ती बाढी र पहिरोको उच्च जोखिममा परेको छ। ३ पुस्तादेखि हलिया बस्दै आएका ५० घरपरिवार जोखिममा परेका भए पनि उनीहरूका विषयमा कसैले केही सोचेको र उद्धारको काम गरेको पाइएको छैन। केही दिनअघिको अविरल वर्षासँगै बाढीपहिरोको चोखिममा परेका उनीहरू पालमुनि कष्टकर जीवन बिताइरहँदा पनि सरकारी निकायको ध्यान जान सकेको छैन। जोखिमपूर्ण जीवन बिताइरहँदा पनि राज्यका कुनै पनि निकायले चासो देखाएनन् आजसम्म। पानी पर्नासाथ रातभर जाग्राम बस्ने गरेका उनीहरूको यो वेदना कसले सुन्ने ?

५० परिवार हलिया भएको पनि पुस्तौं बितिसकेको छ। साहूको घरमा काम गर्ने गरेका उनीहरूलाई वर्षमा दुईपटक पाकेको अन्न दिने गरिन्छ। उनीहरूसँग घरबाहेक अन्य जमिन छैन। तर पनि अहिलेसम्म प्रमाणीकरणमा परेका छैनन्। सदरमुकामसँगै जोडिएको यस बस्तीमा न त राज्यको आँखा परेको छ, न त कुनै सरोकारवाला निकायले सहयोग नै गरेका छन् ? सिंगो बस्तीबाट एकजना तेस्रो मुलुक गएका छन् भने पढे-लेखेका केही युवा रोजगारीका लागि भारत जाने गरेका छन्। पुस्तौंदेखि हलिया बस्दै आएको यस बस्तीमा अहिले खानभन्दा बस्नको चिन्ता छ। हलिया बस्ती नै जोखिममा परेपछि चिन्तित छन् उनीहरू। बरू केही दिन नखाई बस्न सक्थे होला, बस्ने ठाउँ नहुँदा साह्रै गाह्रो भएको छ अहिले उनीहरूलाई।

*- हरि रोकाया, बैतडी*

## कोशी नदीको पुल छिटो बनाऊ

दुई वर्षअघि सुनकोशी नदीमा निर्माण शुरु गरिएको स्थायी पुल ठेकेदार कम्पनीको बेवास्ता र लापर्वाहीका कारण अलपत्र हुन पुगेको छ। गाईघाट-दिक्तेल सडकखण्डअन्तर्गत उदयपुर जिल्लाको फोक्सिङटार र खोटाङ जिल्लाको लिच्कीराम्चेबीच सुनकोशी नदीमा निर्माण हुन लागेको उक्त पुल ठेकेदार कम्पनीको बेवास्ता र लापर्वाहीका कारण अलपत्र हुन पुगेको हो। राष्ट्रिय योजना आयोगको १६ करोडको आर्थिक सहयोगमा निर्माण हुने उक्त पुलको काम गौरा, पार्वती जेभी प्रालिले प्राप्त गरेको छ। कम्पनीले पुल निर्माण गर्न पिलर गाड्नका लागि खाल्टा खन्ने कार्य शुरु गरेको भए पनि त्यसपछि अहिलेसम्म निर्माणको कुनै काम हुन नसक्दा पुल निर्माण अलपत्र परेको छ।

केही प्राविधिक र कर्मचारी राखेर क्याम्प स्थापना गरी एक महिनासम्म पिलर गाड्न खाल्टा खन्ने काम शुरु गरे पनि त्यसपछि भने काम हुन सकेको छैन। सय मिटर लम्बाइको उक्त पक्की आरसीसी पुलको निर्माण कार्य अलपत्र परेपछि निर्माण नै नहुने हो कि भन्ने चिन्ता लाग्न थालेको छ। यस विषयमा गाईघाट-दिक्तेल सडक कार्यालयले पनि खासै पहल गरेको छैन। गाईघाट-दिक्तेल सडकखण्डअन्तर्गत सुनकोशी नदीमा अहिलेसम्म पनि स्थायी पुल नहुँदा हिउँदमा अस्थायी बेलिब्रिज जडान गरी यातायात सञ्चालन गर्ने तथा वर्षायाममा सो बेलिब्रिज खोल्ने कार्य हुँदै आएको छ।

उदयपुर र खोटाङवासीको सेतुका रूपमा रहेको उक्त पुल निर्माण हुन नसक्दा वर्षायाममा यातायात सञ्चालन बन्द हुने गरेको छ। यसले गर्दा पूर्वी तराई भएर पहाडी जिल्ला खोटाङतर्फ आवतजावत गर्ने यस क्षेत्रका बासिन्दालाई वर्षायाममा हप्तौं दिनसम्म पैदल हिँडेर यात्रा गर्न बाध्य हुनुपरेको छ। २०५१ सालमा तत्कालीन प्रधानमन्त्री स्व. मनमोहन अधिकारीले शिलान्यास गरेर निर्माण कार्य शुरु गरेको गाईघाट-दिक्तेल सडक निर्माण कार्य आज २३ वर्ष बितिसक्दा पनि सुनकोशी नदीमा स्थायी पुल निर्माण हुन नसक्दा वर्षैभरि यातायातका साधन सञ्चालन हुन सकेका छैनन्। यस विषयमा सरकारी निकायको ध्यान कहिले जाने ?

*- सरोज शर्मा, गाईघाट*

## सामाजिक सञ्जाल



स्मार्ट सिटीको वेबसाइटमा दुई हप्ता बित्न लाग्दा पनि चालू वर्षको कार्यक्रम र बजेट राखिएको छैन !
**Rameshore Khanal**
**@rameshore**



हिन्दी भाषाको वकालत गर्ने अधिकांश मधेसी नेताका हिन्दी भाषा राम्रो छैन, बोलेको सुन्दा हाँसो मात्र उठ्छ।
**Suresh kumar yadav**
**@journalist_GOP**



बाहुनलाई घाटा पर्ने किसिमले नागपञ्चमी र रक्षाबन्धन एकैदिन पार्ने पनि बाहुन नै त हुन् नि ! हैन र ? कस्तो अन्तर्घात गरेछन् त याँ ?
**Tirtha Prasai**
**@TirthaPrasai**

यातायात व्यवस्था कार्यालय भक्तपुरले मध्यपुरथिमि नगरपालिका ९ राधे राधेस्थित ईजी वे ट्रायल सेन्टर प्रालि मा दुई पाङ्ग्रे सवारीसाधनको चालक अनुमतिपत्र (लाइसेन्स) को प्रयोगात्मक परीक्षा आइतबारबाट सञ्चालन गर्ने सम्झौता भएपछि परीक्षा दिन ३ सय १९ जना आएका थिए।

# भक्तपुरमा पहिलो दिनकै ट्रायल परीक्षा रद्ध

**पुष्कर बुढाथोकी, भक्तपुर**

भक्तपुरमै पहिलोपटक आइतबारबाट सञ्चालन हुनलागेको सवारीचालक अनुमति पत्र (लाइसेन्स) को प्रयोगात्मक अर्थात् ट्रायल परीक्षा तनाबका बीच रद्ध भएको छ।

यातायात व्यवस्था कार्यालय भक्तपुरले मध्यपुरथिमि नगरपालिका ९ राधे राधेस्थित ईजी वे ट्रायल सेन्टर प्रालि मा दुई पाङ्ग्रे सवारीसाधनको चालक अनुमतिपत्र (लाइसेन्स) को प्रयोगात्मक परीक्षा आइतबारबाट सञ्चालन गर्ने सम्झौता भएपछि परीक्षा दिन ३ सय १९ जना आएका थिए। कार्यालय र प्रालि बीच नि:शुल्क ट्रायल सेन्टर सञ्चालन गर्न भएको लिखित सम्झौताअनुसार जिल्लामै ट्रायल परीक्षा हुने भएपछि उपत्यकाका विभिन्न ड्राइभिङ सेन्टर व्यवसायी र कार्यालयबीच विवाद भएपछि भक्तपुरमा आज हुन लागेको परीक्षा रद्ध भएको हो। यातायात व्यवस्था विभागले ट्रायल दिने परीक्षार्थीसँग प्रतिव्यक्ति रु. ५५ रुपियाँ शुल्क यामाहा मोटरसाइकलबाट ट्रायल परीक्षा दिन दिएको निर्देशनलाई विपरीत अन्य व्यवसायीले परीक्षार्थीलाई नि:शुल्क नै सवारीसाधन उपलब्ध गराउने भनेपछि तनाव भएको थियो।

ड्राइभिङ सेन्टर व्यवसायी अंगदजन अधिकारीले यातायात व्यवस्था विभागका महानिर्देशक रूपनारायण भट्टराईले यामाहा कम्पनीसँग कमिसन खाएर त्यही कम्पनीको सवारीसाधनमा मात्रै स:शुल्क ट्रायल दिने व्यवस्था गराएको आरोप लगाउनुभयो। उहाँले भन्नुभयो- 'गत चैत्र ५ गते सकिएको टेन्डर पनि कमिसन खाएर डिजिले कोठामा बसेर सुटुक्क नवीकरण गराए, कम्पनीबाट मलेसिया घुम्न गए, अहिले पनि कमिसन खानकै लागि भक्तपुरमा नि:शुल्क ट्रायल सेन्टरको सम्झौता रद्ध गराउने खोज्दै छन्। जनतालाई हामी व्यवसायीले नि:शुल्क सवारीसधान उपलब्ध गराउँछौंभन्दा डीजीलाई किन आपत्ति ?'

ड्राइभिङ स्कुल संघका अध्यक्ष नकुल नेपालले नेपालीलाई अमेरिकाको भिसा लाग्नभन्दा पनि लाइसन्स लिन गाह्रो भएको टिप्पणी गर्दै विभागले कमिसनको खेलमा मनोमानी गरेको आरोप लगाउनुभयो। ड्राइभिङ स्कुल व्यवसायीहरू केशवप्रसाद आचार्य, दीपेन्द्र रेग्मी, नवीन चाम्लिङ, कृष्ण शिवाकोटीलगायतले विभागका डीजी कमिसनका लागि केही ठेकेदारको पछि लागेर जनतालाई दु:ख दिइरहेको आरोप लगाउँदै यामाहाको एकाधिकार तोड्नुपर्ने भन्दै विरोध गरेका थिए।

कार्यालय प्रमुख घिमिरेले भने आफू विभागको निर्णय र निर्देशकविपरीत जान नसक्ने बताउँदै नि:शुल्क सवारीसाधन उपलब्ध गराउने निर्णय आफूले गर्न नसक्ने बताउनुभयो। एक साताभित्र सवारीसाधनका बारेमा अर्को टेन्डर आह्वान भएपछि यो समस्या सुल्झने बताउँदै उहाँले तत्काललाई आफू एक्लैले निर्णय लिन नसक्ने बताउनुभयो। गतमाघ २ गते भक्तपुरको जगातीमा कार्यालय स्थापना भएपछि भक्तपुरमो ट्रायल सेन्टर नहुँदा यहाँका बासिन्दाले साताको एक पटक काठमाडौं गएर ट्रायल दिन बाध्य भएका थिए। भक्तपुर कार्यालयमा दैनिक ३ सयभन्दा बढी सेवाग्राहीले आवेदन दिने गरेपनि ट्रायल दिने स्थानको अभावले एक सातामा दुई पांग्रेको ८ सय ५० र चारपाग्रेंको २ सय ५० जनाभन्दा बढीलाई ट्रायल परीक्षामा सहभागी गराउन नसकिए पनि भक्तपुरमै हुँदा आएकाहरूलाई सहजै ट्रायल परीक्षा सञ्चालन गर्ने तयारी गरेको थियो।

७ बजेबाट प्रयोगात्मक परीक्षा शुरु हुने भएपछि ५ बजेदेखि लाइन बसेका परीक्षार्थीलाई विवाद र तनावका बीच ९ बजे यहाँ हुने परीक्षा रद्ध भएको जानकारी गराउँदै यातायात व्यवस्था कार्यालय भक्तपुरले प्रमुख अनोज घिमिरेले विगतमा जस्तै काठमाडौंको मीन भवनमै परीक्षा दिन जान आग्रह गरेपछि परीक्षार्थी नाराबाजी गर्दै फर्किएका थिए।

विगतमा हुँदै आएको मीन भवनमै आजको प्रयोगात्मक परीक्षा सञ्चालन भएको उहाँले जानकारी दिनुभयो। भक्तपुर र भक्तपुर पूर्वका बासिन्दालाई षड्यन्त्रपूर्वक फेरी काठमाडौंमै ट्रायल दिन पठाउन लागिएको भन्दै उनीहरूले भक्तपुरमै ट्रायल दिन पाउनुपर्ने माग गर्दै १ घण्टा नाराबाजी गरेका थिए। ट्रायल परीक्षा दिन ५ बजेदेखि लाइनमा बसेकी काभ्रे पनौती नगरपालिका-४ की खरिबोटकी सुनीता बन्जाराले लिखित परीक्षा उत्तीर्ण गरेको २ महिनापछि ट्रायल परीक्षाको पालो आए पनि ट्रायल दिन नपाएको भन्दै आक्रोश पोख्नुभयो।

भक्तपुरमै ट्रायल सेन्टर सञ्चालन गर्नुपर्ने माग गर्दै विभागको कमिसनको खेलमा आम नागरिकलाई दु:ख दिएको भन्दै परीक्षा दिन आएका भक्तपुर सूर्यविनायकका रामेश्वर कार्कीले भक्तपुरको परीक्षा भक्तपुरमै गराउन पाउनुपर्ने माग गर्नुभयो। ईजी वे ट्रायल सेन्टर प्रालिका सञ्चालक निर्भयबाबु प्रसाईंले आम नागरिकको सुविधा र सहजताका लागि सरकारलाई आफूले नि:शुल्क ट्रायल सेन्टर उपलब्ध गराएको बताउँदै ट्रायल परीक्षा दिने नागरिकलाई सवारीसाधनसमेत नि:शुल्क उपलब्ध गराउन आफू तयार भएको बताउनुभयो। उहाँले भन्नुभयो- 'भक्तपुरमा ट्रायल परीक्षा सञ्चालन हुन नदिन पुन: षड्यन्त्र भएको छ, यहाँका बासिन्दालाई काठमाडौंमै परीक्षा दिने षड्यन्त्रका कारण बिहान ७ बजे ट्रायल परीक्षा सञ्चालन गर्ने तयारी गरे पनि विवाद झिकेर सञ्चालन गर्न दिएनन्।'

ट्रायल शुरु हुने भएपछि विभिन्न व्यक्तिबाट कमिसन मागेर धम्की दिने गरेको र केही व्यवसायीले समेत पैसा लिने गरी सवारीसाधन उपलब्ध गराउने कम्पनीलाई प्रवेश गर्न नदिन धम्की दिएको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो- 'विवाद गरेर भक्तपुरमा आएको सेवालाई रोक्नुहुँदैन, हामीले सरकारलाई नि:शुल्क ट्रायल परीक्षा दिने ठाउँ दिएका हौं, विभागले मानेमा नागरिकलाई नि:शुल्क सवारीसाधन दिन तयार छौं।'

# धर्मशाला बनाउन भूमिदान

**नेपाल समाचारपत्र**

काठमाडौं

रौनियार सेवा समितिले ५ करोडको लागतमा काठमाडौंमा धर्मशाला निर्माण गर्न गर्ने भएको छ। रौनियार सेवा समितिका व्यक्तिलाई धार्मिक, सामाजिक तथा व्यापारिकरूपमा कुनै समस्या नपरोस् भन्ने उद्देश्यले धर्मशाला स्थापना गर्न लागिएको समितिले जनाएको छ।

सस्थाका वरिष्ठ उपाध्यक्ष सन्तोषकुमार गुप्ताले समितिले काठमाडौंको क्षेत्रपाटीमा कार्यालय स्थापना गरिसकेको जानकारी दिँदै अबको १ वर्षभित्र काठमाडौंमा धर्मशाला निर्माण गरिसक्ने बताए।

उनले सर्म्पूण सदस्यहरूको चाहनाअनुसार धर्मशाला निर्माणलाई प्राथमिकतामा राखिएको भन्दै धर्मशाला निर्माणमा ५ करोड लगानी लाग्ने बताए ।

उनले भवन निर्माणका लागि सर्म्पूण सदस्यहरूबाट भूमिदान कार्यक्रमलाई अगाडि बढाइएको जानकारी पनि दिए। समितिकी महासचिव रूपाकुमारी गुप्ताले विभिन्न व्यक्तिबाट सहयोग आउने क्रम जारी रहेको बताइन्। उनले भवन निर्माणको सदस्यहरूले भूमिदान गरिरहेको बताइन्।



गुप्ताका अनुसार मुकेशकुमार रौनियारबाट ३ आना, छोटेलाल रौनियारले ४ आना, सन्तोषकुमार रौनियारले १ आना, रामकृपाल रौनियारले १ आना, हरिओमकुमार गुप्ता, नितेषपुजन रौनियार र हरिप्रसाद रौनियारले आधा आना भूमिदान गरिसक्नुभएको जानकारी दिइन्।

समितिका कोषाध्यक्ष रामेश्वर शाह रौनियारले रौनियार एकताका लागि संगठित भएको जानकारी दिए।

यसअघि कार्यालय उद्घाटन गर्दै नेपाल रौनियार महासंघका केन्द्रीय अध्यक्ष शिवनाथप्रसाद रौनियार र भारतीय जनता पार्टीका नेता राजकुमार गुप्ताकोसमेत उपस्थिति रहेको थियो। सोही अवसरमा मुकेशकुमार रौनियारको संयोजकत्वमा १३ सदस्यीय कार्यसमिति चयन भएको छ। सो समितिले अबका दिनमा रौनियार समाजका व्यक्तिहरूलाई विकासको गतिमा लानुपर्ने बताइन्। समितिका सचिव धीरेन्द्र रौनियारले रौनियार समाजको विकासका लागि एक भएर लाग्नुपर्ने बताइन्।

**प्रारम्भिक वातावरणीय परीक्षण IEE का लागि प्रकाशित १५ दिने सार्वजनिक सूचना ।**

नारायणी अञ्चल मकवानपुर जिल्ला थाहा नगरपालिका वडा नं. १२ (साविक मेत्राङ्ग गा.वि.स. वडा नं. ४ ) गैह्रीगाँउ अन्तर्गत पर्ने टोपोशिट नं. २७८५ ०५ ए मा पर्ने भित्रुवन राजपथ गैह्रीगाँउ स्थित लिट्टी खोलाको कल्भेटको उत्तर पुर्वि कुना (नियामक पूर्व ६०८३८० मि. र उत्तर ३०६४९६२.५० मि.) बाट १०० मिटर पुर्व गएको विन्दु ( नियमिक पुर्व ६०८४८० मि. र उत्तर ३०६४९६२.५० मि. ) लाई मुल चिन्न मानी सो बाट पुर्व ६४३.७४५ मिटर, पश्चिम ०.०० मिटर, उत्तर २०१.१७ मिटर र दक्षिण २०१.१७ मिटर २०१.१७ मिटर गरी जम्मा ०.२५९ वर्ग कि.मि. को क्षेत्रफल ढुङ्गा खानी संचालन गर्नु पर्ने भएकोले वातावरण संरक्षण नियमावली २०५४ को नियम ७ (२) को प्रयोजनको लागि आफ्नो लिखित राय, सुझाव, प्रतिक्रिया प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र सम्वन्धित नगरपालिका वा तलको ठेगानामा संम्पर्क राख्न यो सुचना प्रकाशित गरिएको छ ।

राय सुझाव पेश गर्ने स्थान
थाहा नगरपालिका वडा नं. १२
कार्यालय तारुका मकवानपुर
नारायणी अञ्चल, नेपाल

प्रस्तावकको नाम र ठेगाना
माइनिङ्ग एण्ड माइनिङ्ग इण्डष्ट्रीज प्रा.लि.
साविक का.म.न.पा. वडा नं. ३२ अनामनगर
हाल का.म.न.पा. वडा नं. १४ कंलकी, काठमाडौ

त्रिभुवन विश्वविद्यालय
शिक्षा शास्त्र संकाय
ग्राजुएट स्कुल अफ एजुकसन
कीर्तिपुर, काठमाडौं

**आवश्यकता**

यस त्रि.वि. शिक्षाशास्त्र संकाय अन्तर्गत ग्राजुएट स्कुल अफ एजुकेसन सञ्चालन भएको भवनमा रात्रि सेवाका लागि एक जना सुरक्षा गार्ड ठेक्का करारमा राख्न आवश्यक परेकाले इच्छुक व्यक्ति, संघसंस्थाबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आइपुग्ने गरी निवेदन आह्वान गरिन्छ । विस्तृत विवरणको जानकारी यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**निर्देशक**

**मिदिम १ जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन तयारीको सिलसिलामा क्षेत्र निर्धारण (Scoping) सम्बन्धी प्रकाशित सार्वजनिक सूचना**

(प्रकाशित मिति : २०७४/४/९)

**प्रस्तावकको नाम**: माउण्ट रसुवा अपर मैलुङ हाइड्रोपावर प्रा.लि. (माउण्ट रसुवा हाइड्रोपावर प्रा.लि.), टोखा नगरपालिका १०, काठमाण्डौ, पो.ब.नं. ७९४६, काठमाण्डौ, नेपाल ।

**प्रस्तावको व्यहोरा**: मिदिम खोला – १ जलविद्युत आयोजना ।

अन्नपुर्ण संरक्षण क्षेत्र आयोजना (ACAP) अन्तर्गत पर्ने लमजुङ जिल्लाको क्व्होलासोंथार गाउपालिका (साबिक भुजुङ्ग, उत्तरकन्या, मालिङ र भोजे गा.बि.स.हरु) भएर बग्ने मिदिम खोलामा माउण्ट रसुवा अपर मैलुङ हाइड्रोपावर प्रा. लि. (माउण्ट रसुवा हाइड्रोपावर प्रा.लि.) द्वारा प्रस्तावित १६ मेगावाट क्षमताको मिदिम – १ जलविद्युत आयोजनाको लागि क्व्होलासोंथार गाउपालिका वडा नं. ४, भजुङ्ग, चौक्यु नजिक (साबिक भजुङ्ग गाबिस) मिदिम खोलामा सामान्य बाँध बाँधि खोलाको ४.५ क्युमेक्स पानीलाई करिब ७००० मिटर लामो पाइपबाट लगेर क्व्होलासोंथार गाउँपालिका वडा नं. २, मालिङ, ढाक्रे बेसी (साबिक मालिङ गाविस) स्थित मिदिम खोलाको बायाँ किनारमा निर्माणको लागि प्रस्ताव गरिएको विद्युत्गृहबाट बिजुली उत्पादन गरिनेछ र निस्कने पानीलाई पुन मिदिम खोलामा नै खसालिनेछ । उत्पादित बिजुलीलाई करिब १२ कि.मि. लामो ३३ के.भी. क्षमताको प्रसारण लाइनद्वारा ने.बि.प्रा.को भोर्लेटार सबस्टेसनमा जोडिने प्रस्ताव गरिएको छ । प्रस्तावित आयोजना Run-of-River किसिमको हुनेछ र यस आयोजनाको बाँध स्थल र पाईप लाईनको केही भाग अन्नपुर्ण संरक्षण क्षेत्र आयोजनामा पर्ने भएको हुनाले वातावरणीय प्रभाव मूल्यांकन (EIA) अध्ययन गर्न लागिएको जानकारी गराइन्छ ।

**प्रभाव पर्न सक्ने स्थानहरू**: लमजुङ जिल्लाको क्व्होलासोंथार गाउपालिका अन्तर्गतका वडाहरु ४, ३, २ र ८ (साबिक भुजुङ्ग, उत्तरकन्या, मालिङ र भोजे गाबिसहरु) तथा मर्स्याङ्गदी गाउँपालिका वडा १, (साबिक घनपोखरा गा.बि.स.) । वातावरण संरक्षण नियमावली, २०५४ को अनुसूची २ मा परेको यस जलविद्युत् आयोजना कार्यान्वयन गर्नु अघि वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ अनुसार वातावरणीय प्रभाव मूल्यांकन (EIA) प्रतिवेदन तयार गरी श्री जनसंख्या तथा वातावरण मन्त्रालयबाट स्वीकृत गर्नुपर्ने प्रावधान रहेको छ । उक्त प्रतिवेदन तयारीको क्रममा क्षेत्र निर्धारण (Scoping) गर्नुपर्ने भएकोले वातावरणीय प्रभाव मूल्यांकन गर्दा हेर्नुपर्ने निम्न क्षेत्रसँग सम्बन्धित वातावरणीय सवालहरूबारे सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिनुपर्ने भएको हुनाले सोही नियमावलीको नियम ४ अनुसार यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**प्रभाव पर्न सक्ने क्षेत्रहरू**: १. भौतिक वातावरण २. जैविक वातावरण ३. सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण ४. मानवीय क्रियाकलापहरू र यिनका अवयवहरू तथा ती अवयवहरूबीच अन्तरक्रिया तथा अन्तरसम्बन्ध । उक्त प्रस्तावबाट प्रभाव पर्नसक्ने गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी रायसुझाव उपलब्ध गराइ दिनुहुन अनुरोध छ । सो रायसुझावको प्रतिलिपि सम्बन्धित मन्त्रालयमा समेत पठाउन सकिनेछ ।

**प्रस्तावक**:
**माउण्ट रसुवा अपर मैलुङ हाइड्रोपावर प्रा.लि.**
टोखा नगरपालिका १०, काठमाण्डौ, पो.ब.नं. ७९४६,काठमाण्डौ ।
फोन नं. ०१ ४३५४३६७, फयाक्स ४३५४३६८
Email: mohanacharya1977@gmail.com

**परामर्शदातृ संस्था**
**इनर्जी रिसोर्सेज एण्ड सलुसन्स् प्रा.लि. (ERS Nepal)**
न्यू प्लाजा, पुतलीसडक, काठमाण्डौं ।
इमेल : info@ersnepal.com

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
मालपोत कार्यालय
टोखा, काठमाडौं

**सूची दर्ता गर्ने सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७४/०४/०९**

यस कार्यालयलाई आ.व. २०७४/०७५ को लागि आवश्यक पर्ने निम्नानुसारका सरसामान तथा सेवाहरु उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार सूची दर्ताको लागि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रु. १०।- को टिकट टाँसी यस कार्यालयमा रितपूर्वकको सूची दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक सामान तथा सेवाहरुको विवरण**

१. स्टेशनरी तथा कार्यालय संचालनका मालसामानहरु (मसलन्द तथा विविध) सप्लाई सम्बन्धी
२. कम्प्यूटर सेट, प्रिन्टर, फोटोकपी मेशिन, प्रोजेक्टर मेशिन, इन्भर्टर/ब्याट्री, सोलार, जेनेरेटर मेशिन, टेलिफोन सेट, फ्याक्स मेशिन, डिजिटल क्यामेरा, सफ्टवेर आदि मेशिनरी औजारसप्लाई तथा मर्मत सम्भार सम्बन्धी कार्यहरु
३. फर्निचर तथा फर्निसिङ्ग सप्लाई तथा मर्मत सम्बन्धी कार्यहरु
४. छपाई सम्बन्धी कार्यहरु
५. सवारी साधन मर्मत (गाडी तथा मोटरसाईकल (विभिन्न ब्राण्ड/कम्पनी) एवम् टायर, ट्यूव लगायत स्पेयरपार्टस सप्लाई सम्बन्धी कार्यहरु
६. सवारी साधन (मोटरसाईकल) खरिद सम्बन्धी कार्यहरु
७. पिउने पानी (मिनरल वाटर) आपूर्ति कार्य
८. इन्टरनेट/वेवसाइट प्रोभाइडिङ्ग सेवा र मर्मत/सम्भार सम्बन्धी कार्यहरु
९. कार्यालयका धारा/ट्वाईलेट मर्मत संभार सम्बन्धी कार्यहरु
१०. रंगरोगन सम्बन्धी कार्य
११. कार्यालय सुरक्षा तथा अन्य सेवा उपलब्ध गराउने सम्बन्धि कार्य

**दरखास्तसाथ पेश गर्नु पर्ने कागजातहरु**

१. फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
२. भ्याट/प्यान दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
३. आ.व. २०७२/०७३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

## सिनेमा कर्नर

TODAY'S MOVIES

| | |
|---|---|
| Munna Michael | 8:20, 11:20 2:20, 5:20 |
| Sayad 2 | 8:20, 11:20 2:20, 5:20 |
| Ma Yesto Geet Gauxu | 8:20, 11:20 2:20, 5:20 |
| Jagga Jasoos | 8:20, 11:20 2:20, 5:20 |
| Docter Khate | 8:20, 11:20 2:20, 5:20 |
| मेरी कुसुम | 8:20, 11:20 2:20, 5:20 |
| कारखाना | 8:20, 11:20 2:20, 5:20 |

Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Comer
Coffee Joints
Rhythm Room
In-Theatre Advertising




Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Jagga Jasoos
तारेभिर
धनपति
सायन-२
लाल्टिन
म यस्तो गित गाउछु
रातो घर




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौ, फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६




मोउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : विवाद, दौडधुप तर बिहान ९ बजेपछि कार्यसिद्धि, धन प्राप्ति ।
**वृष** : बिहान लाभ, सफलता तर त्यसपछि अपच, दौडधुप, विवाद ।
**मिथुन** : धनलाभ, पराक्रम वृद्धि, प्रसन्नता, मान-सम्मान बढ्नेछ ।
**कर्कट** : उपहारादि वस्तु प्राप्ति, कार्य सफल, धनलाभ, सुख-सन्तोष ।
**सिंह** : बिहान धनहानि तर त्यसपछि सुख-सन्तोष, कार्य सफल ।
**कन्या** : मिष्ठान्न भोजन, सुख तर ९ बजेपछि अस्वस्थता ।
**तुला** : उपहारादि वस्तु प्राप्ति, कामकाज सफल, मिष्ठान्न भोजन ।
**वृश्चिक** : प्रतिष्ठा, राज्यबाट लाभ, सफलता, कार्यसिद्धि, स्वास्थ्य लाभ।
**धनु** : बिहान कार्य बाधा तर त्यसपछि राज्य-सुख, ऐश्वर्य वृद्धि ।
**मकर** : बिहान धनलाभ, सम्मान तर त्यसपछि अस्वस्थताको सम्भावना ।
**कुम्भ** : आर्थिक लाभ, शत्रुमाथि विजय, पठनपाठनमा सफलता ।
**मीन** : कार्य सफल, स्वस्थता, आर्थिक लाभ, खेल-परीक्षामा सफलता ।

# नेपाल

उहाँले अप्रेसन मनकामनामा योजनाबद्ध ढंगबाट प्रहरी परिचालन गरी सामाजिक अपराध वेश्यावृत्ति, अवैध मदिरा, जुवातास नियन्त्रण, गुण्डागर्दीलाई पूर्णरुपमा निर्मूलीकरण र अपराध न्यूनीकरणका लागि प्रचारप्रसार, जनचेतनामूलक कार्यक्रम सञ्चालनसमेत गर्ने पत्रकार सम्मेलनमा जानकारी गराउनुभयो।

## अप्रेसन मनकामना शुरू

**इन्द्र गिरी, संखुवासभा**

संखुवासभामा अपराध न्यूनीकरणका लागि जिल्ला प्रहरी कार्यालयद्वारा सामाजिक अपराध र गुण्डागर्दीविरुद्ध अप्रेसन मनकामना शुक्रबारबाट शुरू गरेको छ। जिल्लाको प्रमुख धार्मिक स्थलको नाम दिई शुरू गरिएको अप्रेसन मनकामना जिल्लाका ३६ वटै प्रहरी एकाइबाट सञ्चालन हुने बताइएको छ।

अप्रेसन संखुवासभामा शुरूमा ३ महिनाको कार्ययोजना बनाई शुरू गरिएको र एक वर्षसम्म चल्ने यो अप्रेसनमा शान्ति सुरक्षा, अपराध अनुसन्धान र सुशासनका गतिविधिलाई जनमुखी, प्रभावकारी र प्रविधिमैत्री बनाउँदै अगाडि बढाउने योजना रहेको प्रहरी नायब उपरीक्षक सन्तोष खड्काले बताउनुभयो।

उहाँले अप्रेसन मनकामनामा योजनाबद्ध ढंगबाट प्रहरी परिचालन गरी सामाजिक अपराध वेश्यावृत्ति, अवैध मदिरा, जुवातास नियन्त्रण, गुण्डागर्दीलाई पूर्णरूपमा निर्मूलीकरण र अपराध न्यूनीकरणका लागि प्रचारप्रसार, जनचेतनामूलक कार्यक्रम सञ्चालनसमेत गर्ने पत्रकार सम्मेलनमा जानकारी गराउनुभयो।

उहाँले यस अप्रेसनमा समेट्न खोजेको कुरा ठूलो क्षेत्र भए पनि जिल्लाको सीमा क्षेत्रभित्र शान्ति सुरक्षा, सुशासन कायम गर्न र सफल अनुसन्धान स्वतस्फूर्त रूपमा नागरिकलाई सक्रिय सहभागिता अभिप्रेरित गरी नागरिकलाई शान्ति सुरक्षाको प्रत्याभूति दिलाउने बताउनुभयो।

विकास निर्माण तथा ठेक्कापट्टाका काममा अवरोध गर्ने र राजनीतिक आडमा हुने प्रतिशोधपूर्ण हुलहुज्जत र धम्कीपूर्ण व्यवहार गर्नेलाई कारबाही गर्ने, लागूऔषधको उत्पादन, ओसारपसार, बिक्रीवितरण वन पैदावार र वन्यजन्तुसँग सम्बन्धित अवैध गतिविधि, चोरी निकासी पैठारी, अवैध हातहतियार र कालाबजारीविरुद्धको अभियानमा प्राथमिकता दिने प्रहरी नायब उपरीक्षक खड्काले बताउनुभयो।

अप्रेसन मनकामनाको एक वर्ष अवधिमा प्रहरीले घरेलु तथा महिला हिंसा, लागूऔषधविरुद्धको जनचेतनाका कार्यक्रमलगायत पर्चा, पोस्टर र पम्प्लेटसमेत वितरण गर्ने जनाएको छ। जिल्लामा अपराध न्यूनीकरण र शान्ति सुरक्षाका राजनैतिक दल, नागरिक समाजलगायत सबै क्षेत्रबाट प्रहरीलाई सहयोग गर्न आग्रहसमेत गरिएको छ।

# लापुभीरमा सडक खन्दै सेना

**सन्तोष अधिकारी, गोरखा**

गोरखाको लार्के हुँदै तिब्बत जोड्ने सडक निर्माणको कामलाई नेपाली सेनाले तीव्रता दिएको छ। तिब्बत सीमामा जोड्ने बेनीघाट-लार्के सडकको लापुभीरमा ट्र्याक खोल्ने काम गरिरहेको छ। यसअघि अति नै गाह्रो भनिएको एक्लेभीर सकेर नेपाली सेनाले लापुभीरमा खन्ने काम थालेको हो।

एक्लेभीरमा सेनाले बम विस्फोट गरेर ट्र्याक खोली लापुभीरको काम शुरू गरेको हो। यहाँ पनि बम विस्फोट गराउँदै ट्र्याक खोल्ने काम भइरहेको सडक निर्माणमा खटिएका सेनाका मेजर निशान्त क्षत्रीले जानकारी दिए। सेनाले अहिले ट्र्याक खोलेको क्षेत्रमा सडक सात मिटर फराकिलो बनेको छ। सो सडकको गत वैशाख ११ गते प्रधानसेनापति राजेन्द्र क्षत्रीले शिलान्यास गरेका थिए।

'गाह्रो भनिएको एक्लेभीर छिचोलेर अघि बढियो', क्षत्रीले भने- 'ट्र्याक खोलिएको सबै ठाउँको सडक सात मिटर फराकिलो बनेको छ।' सेनाले अहिलेसम्म एक हजार मिटरभन्दा धेरै लामो दूरीमा सडक खनिसकेको छ। लापुभीरमा नेपाली सेनाको १ सय २० जना निर्माण दलको टोली नियमित खटिएको छ।

सो सडक निर्माणका लागि दिनहुँजसो बम विस्फोट गर्नुपरेको थियो। धेरै विस्फोट गर्नुपर्ने देखेर नेपाल सरकारले नेपाली सेनालाई उत्तरी क्षेत्रमा यातायातको साधनका रूपमा खच्चड र चौंरी मात्र छन्। तिब्बतसँग सीधा यातायात सेवा हुने बताइएको सो सडकको १ सय २१ किलोमिटर सडक नेपाली सेनाले निर्माण गर्ने हावाडाँडादेखि तातोपानीसम्मको १६ किलोमिटर सडकको सर्भेसमेत गरिसकेको छ। बेनीघाट-आरुघाट-लार्केभन्ज्याङ सडकको लम्बाइ १ सय ८३ किलोमिटर छ। जसमध्ये सेनाले आरुघाट-लार्केभन्ज्याङ



नै सो सडक निर्माणको जिम्मा दिएको हो। सो सडक खण्ड हुँदै हिमालपारि गाविस भएका गोरखाका चुमनुब्री गाउँपालिका र धार्चे गाउँपालिकाको गाउँहरूमा जानआउन सहज हुनेछ। अहिले जिम्मा लिएको छ। बेनीघाटदेखि हावाडाँडाको सडक ६२ किलोमिटर सडक भने यसअघि नै सडक डिभिजन कार्यालयले निर्माण गरिसकेको छ। नेपाली सेनाले अहिले लापुभीरमा सडक खन्ने काम गरिरहेको भए पनि खण्डको १ सय २१ किमि सडक निर्माण गर्ने जिम्मा पाएको छ। बेनीघाट-आरुघाट-हावाडाँडा खण्डको ६२ किलोमिटर सडक निर्माण भने सडक विभागले गरिरहेको छ।

# वृद्धभत्ता लिन नै सास्ती

**सञ्जय कार्की, रौतहट**

चन्द्रपुरमा रहेको एभरेस्ट बैंकबाट समाजिक सुरक्षा भत्ता वितरणमा सहजता नभएका कारण सयौं वृद्धवृद्धा, अपांगले भत्ता रकम पाउन सास्ती खेप्नुपरेको छ। भत्ता रकम पाउन चन्द्रपुर नगरक्षेत्रमा बसोबास गर्ने २ हजारभन्दा बढीले कष्ट पाइरहेका छन्।

चन्द्रपुर नगरपालिकाले तीन वर्षअघिदेखि नै बैंकमार्फत् सामाजिक सुरक्षाको भत्ता रकम वितरण गर्दै आए पनि यसपटक भने सास्ती खेप्नुपरेको छ। राज्यले सम्मान गरेका व्यक्तिहरू नै एभरेस्ट बैंकले असहजता गरिदिएका कारण पीडित बनेका छन्। झन्डै दुई महिना ढिला गरी भत्ता रकम वितरण गरे पनि बैंकको कारण जेष्ठ नागरिकहरू पीडित बनेको दुःखेसो गरेका छन्।

दुई तलामाथि रहेको बैंकको काउन्टरमा रकम झिक्नसमेत प्रचण्ड गर्मीमा वृद्धवृद्धाहरू लामो समय लाइनमा बस्न बाध्य बनेका छन्। शारीरिकरूपमा कमजोर भएका वृद्धवृद्धा लामो समय लाइनमा बस्दा रिंगटा लागेर बेहोस हुने गरेका छन्।

चन्द्रपुर नगरपालिकाले गत जेठ १९ गते चौमासिक निकासाबापत प्रति व्यक्ति ८ हजारका दरले करिब १ करोड ६४ लाख चन्द्रनिगाहपुरमा रहेको एभरेस्ट बैंकमा जम्मा गरिसकेको भए पनि बैंकले सो रकम अन्य शीर्षकमा चलाएर वृद्धवृद्धा र असहाय नागरिकलाई ढिला गरी वितरण गरे पनि असहजता गरिदिएका कारण पीडित बनेका छन्। चन्द्रपुर नगरपालिकाका करिब २ हजार ५ सय जना जेष्ठ नागरिक र असहायहरूको सो बैंकमा नगरपालिकाबाट रकम दाखिला हुने गरेको छ।

हातखुट्टा नचल्ने तथा दृष्टिविहीनहरू निकै कष्टका साथ भत्ता लिन लाइनमा बस्ने गरेका छन्। एभरेस्ट बैंक चन्द्रनिगाहपुर शाखाले चन्द्रपुर नगरपालिकाको पौराइ, जुडीवेला, सन्तपुर, डुमरियाका २ हजार २ सयभन्दा बढी व्यक्तिलाई भत्ता वितरण गर्नका लागि नगरपालिकासँग सम्झौता गरेको थियो। भत्ता वितरण कार्यलाई छिटो र सहज बनाउन बैंकलाई




पटकपटक आग्रह गरे पनि यस्तो आग्रहको बेवास्ता भएको चन्द्रपुर नगरपालिकाका कार्यकारी अधिकृत मिठाराम हुमागाईंले बताउनुभयो।

## जग्गा विवादको झडपमा काखे शिशुको मृत्यु

बारा, (नेस)

मोहियानी हकसम्बन्धी जग्गा विवादमा एकै परिवारका सदस्यबीच भएको झडपमा परेर बाराको सुवर्ण गाउँपालिका-१ मा एक काखे शिशुको मृत्यु भएको छ। सौतेनी सासूका छोराहरूको आक्रमणका क्रममा घाइते सुदामा मुखियाकी ९ महिने छोरी किरणको उपचारका क्रममा शुक्रबार दिउँसो मृत्यु भएको हो। छोरीलाई काखमा बोकेर घरभित्र बसिरहेको अवस्थामा आक्रमण भएपछि घाइते बनेकी शिशुको उपचारका क्रममा कलैया अस्पतालमा दिउँसो मृत्यु भएको हो। घटनामा आमा सुदामा पनि घाइते छिन्।

प्रहरीका अनुसार जग्गा विवादमा स्थानीय चरितर मुखियाको दुई श्रीमतीका छोराहरूबीच झडप भएको थियो। दीपाका छोराहरूले हजुरबुबा इन्द्रसहित सौतेनी आमापट्टिका सदस्यहरूमाथि आक्रमण गरेका र शिशुको मृत्यु हुन पुगेको प्रहरी नायब उपरीक्षक दिलीप घिमिरेले जानकारी दिए। विवाद बढ्दै गएपछि काखमा छोरी लिएर घरभित्र लुकेर बसिरहेको अवस्थामा ५/६ जनाको समूहमा पसेको समूहले सुदामामाथि बाँको फार्सा र लाठी प्रहार गरेको र सोही क्रममा टाउकोमा चोट लागेर गम्भीर घाइते शिशुको उपचारका क्रममा मृत्यु भएको हो। सो घटनामा ३० वर्षीय सुदामा, ससुरा इन्द्र, देवर लालुलगायत घाइते छन्। घाइतेहरूको नारायणी उपरक्षेत्रीय अस्पताल वीरगन्जमा उपचार भइरहेको छ। सुदामाका पति पन्नालाल भने रोजगारीको सिलसिलामा विदेशमा छन।

घटनामा संलग्न रहेको आरोपमा ३ पुरुष र ४ महिला गरी ७ जनालाई नियन्त्रणमा लिएर प्रहरीले कारबाही शुरू गरेको छ। ७ कठ्ठा जग्गाको मोहियानी हकसम्बन्धी विवादमा इन्द्र मुखियाका दुई श्रीमतीका छोराहरूबीच १० वर्षदेखि भूमिसुधार कार्यालय कलैयामा मुद्दा चल्दै आएको छ। एक साताअघि गाउँका भद्रभलादमीको पञ्चायतीमा दुवै पक्षले सहमतिमा विवाद मिलाउने र मुद्दा फिर्ता लिने सहमतिसमेत गरेका थिए।

## टेलिफोन सेवा अवरुद्ध

सल्यान, (नेस)

सल्यानको पश्चिम क्षेत्रमा एक महिनादेखि एनसेल टावर अवरुद्ध हुँदा सेवाग्राही मर्कामा परेका छन्।

वनगाड कुपिन्डे नगरपालिका-४ देउलीमा रहेको एनसेल टावर विगत एक महिनादेखि अवरुद्ध भएको हो। टावर अवरुद्ध हुँदा वनगाड कुपिन्डेको ४ र ५ कुमाखमालिका गाउँपालिका १ र २ वडाका बासिन्दा फोन सेवाबाट वञ्चित भएका छन्। फोन अवरुद्ध हुँदा देशविदेशमा गएका आफन्तलाई फोन गर्न २ घण्टा हिडेर डाँडामा जानुपर्ने स्थानीय तिलक सोनीले दुःखेसो पोखेका छन्। एक महिनासम्म टावर अवरुद्ध हुँदा सम्बन्धित निकायलाई जानकारी गराउँदा समेत अहिलेसम्म कुनै चासो नदिएको स्थानीयले बताएका छन्। त्यस क्षेत्रमा पटकपटक टेलिफोन सेवा अवरुद्ध हुँदै आइरहेको छ।

नगरको मुख्य केन्द्रमा नै सञ्चार सेवा भरपर्दो नभएपछि दुर्गम क्षेत्रका बासिन्दाले झन् सञ्चारको प्रत्याभूति गर्न पाएका छैनन्। सामान्यतया ल्यान्डलाइन सेवा र प्राइभेट कम्पनी एनसेलबाहेक नेपाल टेलिकमका स्काई तथा नमस्तेको भरपर्दो नेटवर्क नहुँदा पनि निकै समस्या भएको सल्लीबजारका लालमणि विष्टले बताए।

फोनसँगै ल्यान्डलाइन सेवाको इन्टरनेट सेवासमेत भरपर्दो नभएको उनको गुनासो थियो। यता वनगाड कुपिण्डेको वडा नम्बर ५ अन्तर्गत राउँचे लाटुगैरेमा निर्माण सम्पन्न भइसकेको नेपाल टेलिकमको टावर १ वर्ष बितिसक्दा समेत सञ्चालनमा नआउँदा सो क्षेत्रका नागरिक भरपर्दो सञ्चार सेवाबाट वञ्चित भएका छन्।

वर्षात्मा सिम्ता सुर्खेतको काप्रीचौर, गुमिचुला र वनगाड कुपिण्डेको तारूपरे लेकमा रहेका नेपाल टेलिकमका टावरले बेंसीतिरका बस्तीहरूमा कत्ति पनि काम नगरेको नागरिकहरूले गनुनासो गरेका छन्। उक्त टावरले भरपर्दो सञ्चार सुविधा नदिएको सिम्ता गाउँपालिका र वनगाड कुपिण्डे नगरिकाका स्थानीयको भनाइ रहेको छ। नगरको केही स्थानीय बजार र वडाहरू अहिले पनि पूर्ण रूपमा सञ्चार सेवाविहीन अवस्थामा रहेका छन्। वनगाड कुपिण्डे नगरको वडा ४, ५, १०, ११ र १२ का केही बस्तीमा सो समस्या रहेको छ। भरपर्दो फोन सेवा नहुँदा आफन्तसँग कुराकानी गर्नबाट वञ्चित भएका छन्।

# डेढ करोड ठग्ने व्यापारीको पसल खोलियो

**नेपाल समाचारपत्र**

लमजुङ

जिल्ला सदरमुकाम बेंसीशहरमा किराना तथा खुद्रा व्यापार गर्दा गर्दै डेढ करोड बढी ठगेर फरार हुने तीन व्यापारीको पसल खोलेर सामग्री बिक्री गरिएको छ। लामो समयदेखि उनीहरू सम्पर्कमा नआएका कारण सम्बन्धित घरधनीले आफ्नो सटर खाली गरिदिन अनुरोध गरेपछि र किराना पसलमा भएका सामान बिग्रेर नष्ट नहोस् भन्ने उद्देश्यले उनीहरूको पसल खोलेर होलसेल मूल्यमा सामान बिक्री गरिएको हो।

भारतको रक्सोल घर भएका नवीन बानिया, बालकृष्ण बानिया र राजेशकुमार शाहले स्थानीय बेंसीशहर क्षेत्रमा रहेका झन्डै डेढ दर्जन वचत सहकारीहरूसमेतको डेढ करोड ठगेर फरार रहेका उनीहरूको पसल खोलेर सामान बिक्री शुरू गरिएको हो। सामुदायिक प्रहरी, नगरपालिकाको प्रतिनिधि, वचत सहकारीको बेंसीशहर क्षेत्र समन्वय समिति, उद्योग वाणिज्य संघ र पीडित पक्षका प्रतिनिधिको रोहवरमा मुचुल्का गरी सामान बिक्री गरिएको वचत सहकारीको बेंसीशहर क्षेत्र समन्वय समितिका अध्यक्ष नारायणप्रसाद घिमिरेले बताउनुभयो। उहाँका अनुसार फरार रहेकामध्ये नवीन बानियाको बेंसीशहरको नारायणस्थान चोक, बालकृष्ण बानियाको भीमसेनस्थान चोक र राजेशकुमार शाहको पुरानो बैंक चोकमा खुद्रा तथा किराना पसल रहेको थियो।

ती पसलमध्ये नवीन बानियाको बेसीशहरको नारायणस्थान चोकमा खुद्रा तथा किराना पसल खोलेर सामान बिक्री गरिएको छ। अब क्रमशः अन्य पसल पनि क्रमशः खोलिने घिमिरेको भनाइ छ।

बिक्रीबाट प्राप्त भएको रकम संकलन गरी पछि पीडित पक्षलाई दिइने बताइएको छ। ती फरार व्यक्तिहरूका नाममा बेंसीशहरका १५ वटा सहकारी संस्थाहरूमा ५६ लाख ५८ हजार ७ सय ७२ रुपियाँ भाका नाघेको ऋण रहेको छ। त्यस्तै, बेंसीहरमा होलसेल सञ्चालन गर्दै आएका गणेशबहादुर थापाको जिम्मेवारीमा ६७ लाख रहेको थापा बताउनुहुन्छ। उहाँका अनुसार होलसेल पसलमा ४१ लाख र केही सहकारी संस्थाहरूमा जमानी बसेको रकमसहित २६ लाख गरी ६७ लाख ठगिएको थापा बताउनुहुन्छ।

करिब २ दशक अघिदेखि बेंसीशहरमा बसेर राम्रो व्यापार गर्दै आएका उनीहरूले यहाँका वचत सहकारी संस्थाहरू, व्यक्तिहरू तथा होलसेल पसलहरूमा तिर्नुपर्ने रकम नतिरी आ-आफ्ना पसलहरू बन्द गरेर फरार भएका थिए। दैनिक खुल्ने उनीहरूले सञ्चालन गरिआएका पसल लामो समय नखुलेपछि उनीहरू चारै जना फरार भएको ठगिनेहरूले बताउने गरेका छन्। फरमर भएका चारै जनाकाका विरुद्ध जिल्ला प्रहरी कार्यालय लमजुङमा ठगी मुद्दा दर्ता गराइएको छ। उक्त मुद्दा गृह मन्त्रालयसम्म पुगेको बताइन्छ।

## दुई मिनेट

### ज्वरोले वडा सदस्यको निधन

खोटाङ, (नेस)

ज्वरो आउने, छाती दुख्नेलगायतका समस्याले हप्ता दिनदेखि बिरामी परेका खोटाङको दिप्रुङ गाउँपालिका-७ टेम्माका नवनिर्वाचित वडा सदस्य सग्रिधन राईको निधन भएको छ। उच्च ज्वरो आउने समस्या भएपछि धुलिखेल अस्पताल पुऱ्याइएका राईको उपचारकै क्रममा आइतबार बिहान निधन भएको माओवादी केन्द्र खोटाङका कोषाध्यक्ष दीपक पाण्डेले बताउनुभयो।

वडा सदस्य राई स्थानीय तहको निर्वाचनमा माओवादी केन्द्रका तर्फबाट दिप्रुङ गाउँपालिका-७ टेम्माको वडा सदस्यमा विजयी हुनुभएको थियो। शनिबार जिल्ला अस्पताल दिक्तेलमा उपचारका लागि ल्याइएका वडा सदस्य राईलाई रेफर गरिएपछि तत्कालै काठमाडौंतर्फ पठाइएको थियो। मृतक राई शान्ति मावि टेम्माका पूर्वप्रधानाध्यापक हुन्।

### खाल्डोमा डुबेर बालिकाको मृत्यु

बैतडी, (नेस)

खाल्डोमा डुबेर दार्चुलामा शनिबार एक बालिकाको मृत्यु भएको भएको छ। मृत्यु हुनेमा शैल्यशिखर नगरपालिका-१ बलाँचका हर्कबहादुर खडायतकी १० वर्षीया छोरी अनिषा खडायत रहेकी प्रहरी निरीक्षक लालबहादुर साउदले जानकारी दिनुभयो।

घरबाट बजार हिँडेकी बालिकाको चमेलिया जलविद्युत् आयोजनाको निर्माण कार्यका लागि आवश्यक ढुंगा, गिट्टी निकालेर बनेको पानीले भरिएको खाल्डोमा शनिबार दिउँसो ३ बजे डुबेर मृत्यु भएको उहाँले बताउनुभयो।

### ४ सय ८ को जमानत जफत

पाँचथर, (नेस)

गत असार १४ मा सम्पन्न स्थानीय तहको निर्वाचनअन्तर्गत पाँचथर जिल्लाबाट विभिन्न पदमा उम्मेदारी दिने ४ सय ८ जनाको जमानत जफत भएको छ। जिल्ला निर्वाचन कार्यालय पाँचथरले दिएको जानकारीअनुसार ७ गाउँपालिकाका २४ अध्यक्ष, १९ उपाध्यक्ष, १ नगरपालिकाका ४ मेयर, ४ उपमेयर र जिल्ला भरका १ सय ४ वडा अध्यक्ष, १ सय ५१ वडा सदस्य, ६८ महिला सदस्य र ३२ दलित महिला सदस्यको समेत जमानत जफत भएको जिल्ला निर्वाचन कार्यालयल पाँचथरका प्रमुख ध्रुवकुमार राईले बताउनुभयो। कुल खसेको सदर मतको १० प्रतिशतभन्दा कम मत ल्याउने उम्मेदारको जमानत जफत हुने व्यवस्थाअनुरूप ती उम्मेदवारको जमानत जफत भएको राईले बताउनुभयो।

### पासाङल्हामु राजमार्ग अवरुद्ध

रसुवा, (नेस)

रसुवाको कालिका गाउँपालिका-१ राम्चेमा पहिरो खसेपछि पासाङल्हामु राजमार्ग अवरुद्ध भएको छ। गए राति परेको पानीका कारण पहिरो खसेपछि राजमार्गको रसुवा खण्डमा पर्ने राम्चे-धुन्चे सडकखण्ड अवरुद्ध भएको हो। त्यसै गरी गोसाइँकुण्ड गाउँपालिका-६ धुन्चेस्थित त्रिशूली खोला नजिकै पहिरो जाँदा धुन्चे रसुवागढी सडकखण्ड पनि अवरुद्ध भएको छ।

सडकको माथिबाट खसेको पहिरोले सडकमा क्षति पुगेको छ। पहिरो पन्छाउने काम शुरू भएको जिल्ला प्रहरी कार्यालय रसुवाका प्रहरी नायब उपरीक्षक फणीन्द्र प्रसाईंले बताउनुभयो। सडक अवरुद्ध बनेपछि जिल्लाबाट बाहिरिने तथा भित्रने सवारीसाधनबीच बाटोमा नै रोकिएका छन्।

### हतियार फिर्ता गर्दै डोटी प्रहरी

डोटी, (नेस)

स्थानीय तह निर्वाचनको समयमा डोटीमा संकलन गरिएका वैध हतियारहरू जिल्ला प्रहरी कार्यालयले फिर्ता गर्न शुरू गरेको छ। गृह मन्त्रालयको निर्देशनअनुसार जिल्लाभरिबाट संकलन गरिएका करिब एक दर्जन वैध हतियार पुनः सर्वसाधारणलाई फिर्ता गर्न शुरू गरिएको जिल्ला प्रहरी कार्यालय डोटीका प्रमुख एसपी दिल्लीराज विष्टले बताउनुभयो। उहाँका अनुसार अहिलेसम्म जिल्ला प्रहरी कार्यालयबाट ३ थान बारबोर हतियार स्थानीयले फिर्ता लिइसकेका छन्। निर्वाचनको बेला हुने आपराधिक घटनामा कमी ल्याउने उद्देश्यले जिल्लाभरिका हतियार संकलन गरिएको थियो। संकलन गरिएका हतियारहरूमा बारबोर तथा टुएल्बोर रहेका छन्। जिल्लाका ग्रामीण प्रहरी चौकीहरूमा संकलन गरिएका हतियार पनि फिर्ता दिन शुरू गरिएको जिल्ला प्रहरी कार्यालय डोटीस्थित हतियार खरखजना शाखाले जनाएको छ। स्थानीय तहको निर्वाचन सकिएका कारण हतियार राख्ने इजाजतपत्र भएकाहरूलाई हतियार फिर्ता गरिएको प्रहरी प्रमुख विष्टले बताउनुभयो। जिल्लाभरि वैधबाहेक अवैध हातहतियार के कति छ भन्ने जानकारी नभएको जिल्ला प्रहरी कार्यालय डोटीले जनाएको छ।

२०७४, साउन
सोमबार
९

ऐतिहासिक स्थलको प्राकृतिक सौन्दर्य नै बिगार्ने गरी क्रसर उद्योग सञ्चालनमा रोक लगाउन अनेक कोसिस गरे पनि नसकिएको तथा नगरपालिकामा जनप्रतिनिधि चुनिएपछि मात्र क्रसर उद्योगको असरका विषयमा आवाज उठेको सरोकारवाला बताउँछन्।

# नेपाल

## क्रसर उद्योग सञ्चालनमा रोक

रामधन राई, खोटाङ

खोटाङको ऐतिहासिक तथा पर्यटकीय स्थलका रूपमा रहेको रूपाकोट मझुवागढी नगरपालिका-१३ नुन्थलाको महुरेमा सञ्चालित क्रसर उद्योग सञ्चालनमा रोक लगाइएको छ। १३ नम्बर नुन्थला र १४ नम्बर बुइपाको सिमाना तथा ऐतिहासिक महुरेगढीको आसपासमा अवस्थित राँकेडाँडामा २ वर्ष अघिदेखि नियमविपरीत ढंगले सञ्चालन गरिएको क्रसर उद्योगलाई रूपाकोट मझुवागढी नगरपालिकाले हालैदेखि रोक लगाएको हो।

मध्यपहाडी लोकमार्गअन्तर्गत दिक्तेल-हलेसी सडक कालोपत्रेका काम गरिरहेको ठेकेदारले अनधिकृत रूपमा क्रसर उद्योग सञ्चालन गरिरहेको पाइएकाले क्रसर उद्योग अन्यत्र हटाउने निर्णय गरिएको नगरप्रमुख दीपनारायण रिजालले बताउनुभयो। क्रसर उद्योगले सदियौंदेखि हरेक साउन २ गतेका दिन राँके मेला लाग्ने महुरेको अस्तित्व समेत संकटमा पारेकाले तत्काल क्रसर उद्योग सञ्चालनमा रोक लगाइएको जनाइएको छ।

क्रसर उद्योगका कारण किरात समुदायको ऐतिहासिक तथा सांस्कृतिक धरोहरका रूपमा रहेको महुरेगढी नजिकैको राँकेमेला लाग्ने चौरमा गिटी र ढुंगा थुप्रिएको छ।

क्रसर उद्योग सञ्चालकले सोही स्थानका महुरे प्राकृतिक सामुदायिक वन नुन्थलाका उपभोक्ता समूहलाई वार्षिक ४० हजार र रातमाटे लुम्रे सामुदायिक वन बुइपालाई वार्षिक २० हजार दिने सम्झौतामा ठेकेदारले क्रसर उद्योग सञ्चालनमा ल्याएको थियो। क्रसर सञ्चालकले स्थानीय सामुदायिक वनसँग सम्झौता गरेको भए पनि नगरपालिका, स्थानीय निकाय, जिल्ला वन कार्यालयलगायतको अनुमतिविना नै मनोमानी ढंगले क्रसर उद्योग सञ्चालन गरिरहेको थियो। दुई सामुदायिक वन र ठेकेदारबीचमा ३ वर्षका लागि क्रसर सञ्चालन गर्ने सम्झौता भएको बताइएको छ।

शुरूमा क्रसर उद्योग सञ्चालनको विरोध गर्दा प्रशासनले समेत सञ्चालनका लागि दबाब दिएको रूपाकोट मझुवागढी नगरपालिका-१४ बुइपाका वडाध्यक्ष दिनेश राईले बताउनुभयो। ऐतिहासिक स्थलको प्राकृतिक सौन्दर्य नै बिगार्ने गरी क्रसर उद्योग सञ्चालनमा रोक लगाउन अनेक कोसिस गरे पनि नसकिएको तथा नगरपालिकामा जनप्रतिनिधि चुनिएपछि मात्र क्रसर उद्योगको असरका विषयमा आवाज उठेको सरोकारवाला बताउँछन्।

अन्यत्रबाट ढुंगा ल्याएर क्रसर उद्योग चलाउने नाममा ठेकेदारले महुरेकै ढुंगा झिकेर प्राकृतिक स्रोतमाथि दोहनसमेत गरिरहेको पाइएको छ। क्रसर उद्योग बस्ती नजिक रहेकाले पनि सो स्थानमा राख्नु अनुपयुक्त रहेको नगरपालिकाले जनाएको छ।

## सिंहदरबारको अधिकार आइनसकेको गुनासो

भद्रपुर, (नेस)

भद्रपुर नगरपालिकाका जनप्रतिनिधिले सिंहदरबारको अधिकार गाउँमा प्रदान गरिएको बताइए पनि स्थानीय तहमा आइनसकेको गुनासो गरे। जनअपेक्षाअनुसार काम गर्न कानुनी जटिलता र पर्याप्त स्रोतसाधनको अभाव रहेको समेत उनीहरूले बताएका छन्।

संवाद समूह झापाले आइतबार भद्रपुर नगरपालिकाको कार्यालयमा गरेको छलफलमा सहभागी जनप्रतिनिधिले त्यस्तो गुनासो गरेका हुन्। उनीहरूले भद्रपुरलाई औद्योगिक र व्यापारिक नगरका रूपमा विकास गर्ने प्रतिबद्धतासमेत जनाएका छन्। विज्ञहरूको संलग्नतामा गुरुयोजना तयार गरी अगाडि बढ्ने नगर प्रमुख जीवनकुमार श्रेष्ठले बताए।

जनप्रतिनिधिले भद्रपुरमा जनअपेक्षाअनुसार विकास गर्ने र परिवर्तनको अनुभूति दिलाउने गरी काम थालेको पनि बताएका छन्। तर, भद्रपुरका अधिकांश वडाको कार्यालय छैन। वडा नं. २, ४, ७ र १० मा प्रहरी पोस्ट छैन। वडा नं. २, ४ र ७ मा स्वास्थ्यचौकी छैन। वडा नं. ३ र ४ को एक घरमा पनि खानेपानीको सुविधा छैन। कर्मचारीको उत्तिकै अभाव छ। अहिले जनप्रतिनिधिहरू नगरपालिकाको पुरानो कार्यालय र संयुक्त वडा कार्यालयमा काम गरिरहेका छन्।

नगर प्रमुख श्रेष्ठका अनुसार दशवटै वडामा जग्गा व्यवस्थापन गरी एकै डिजाइनका सुविधासम्पन्न कार्यालय बनाउने तयारी भइरहेको बताए। प्रमुख श्रेष्ठले ५० मिटर चौडाको रिंगरोड निर्माण, सडक, ढल, खानेपानी, विद्युत्, टेलिफोनको विस्तार एकीकृत योजनाअनुसार एकैपटक सञ्चालन गरिने समेत बताए। भद्रपुरलाई तरकारी, मासु, दूधमा आत्मनिर्भर बनाई विषादिमुक्त नगरका रूपमा अघि बढाउने योजना रहेको छ।

भद्रपुरस्थित मेची रंगशाला, विमानस्थल, मेची क्याम्पस, मेची अञ्चल हस्पिटललाई आधुनिक र सुविधासम्पन्न तथा गुणस्तरीय सेवा प्रवाह गर्ने अवस्थामा पुऱ्याउने उनले बताए। त्यस्तै मेची पुल निर्माणलाई छिटो सम्पन्न गराउन खबरदारी गर्ने बताएका छन्। नगरबासीलाई परिवर्तनको अनुभूति हुने गरी सामाजिक सुरक्षाभत्ता टोलमै पुऱ्याउने, सडकको खाल्डा पुर्ने काम शुरू भइसकेको श्रेष्ठले बताए। उनले भद्रपुरमा व्यवस्थित भन्सारको आवश्यकता समेत औंल्याए।

नगरकी उपप्रमुख चन्द्रमाया श्रेष्ठले जनताको घरदैलोमा सिंहदरबारको अधिकार लैजान कानुनको अभाव भएको बताइन्। स्थानीय तहलाई दिएको २२ अधिकारलाई आधार मान्दा जनतालाई परिवर्तनको अनुभूति दिलाउन असम्भव रहेको उनले सुनाइन्। भौतिक विकाससँगै मानिसको चेतना र क्षमताको स्तर वृद्धि भयो भने मात्र समाज समृद्ध बन्ने कुरामा जोड दिइन्। पछाडि परेकालाई न्यायको पहुँचमा पुऱ्याउने, हिंसापीडितका लागि सुरक्षित आवास निर्माण गर्ने उनले बताइन्। भद्रपुरका जनप्रतिनिधिले मेची नदी र देउनीया खोलाको तटबन्द, सुकुम्बासी समस्याको समाधान, ढल निकास, हात्ती आतंक नियन्त्रण, फराकिलो सडक, शैक्षिक गुणस्तर वृद्धिजस्ता आवश्यकता औंल्याएका छन्।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
इन्द्रै बिन्ती गरून् झुकेर पदमा यो बिन्ती मान्दैन त्यो ।

हार्दिक श्रद्धाञ्जली



जन्म :
२००४
असार ३ गते

स्वर्गारोहण :
२०७४ असार २९
बिहीबार

स्व. कृष्णकमल नेवाः खड्गी

हाम्रा प्रातः स्मरणीय पत्नी/आमा स्व. कृष्णकमल नेवाः खड्गीको २०७४ असार २९ गते बिहीबार स्वर्गारोहण भएको आज १२औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै यस दुःखद् घडीमा समवेदना प्रकट गर्नुहुने गुठियार, इष्टमित्र, साथीभाइ तथा शुभेच्छुक महानुभावहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

श्रीमान् : चन्द्र बहादुर खड्गी

जेठाजु : दिल बहादुर/अक्कलदेवी खड्गी
देवरानी : सरस्वती खड्गी
देवर/देवरानी : विद्या बहादुर/मिना खड्गी

नन्द/ज्वाइँहरू : इन्द्र शोभा/दिल बहादुर खड्गी
चन्द्र शोभा/अमिर मानन्धर
शान्ता/किशोर खड्गी

छोरा/बुहारीहरू
राजेश/रेनु खड्गी
विजय/मञ्जु खड्गी
नविन/माला खड्गी

छोरी/ज्वाइँहरू
राजेश्वरी/जुलुम खड्गी
लिना/नगेन्द्र लामा
मलिका/अन्जिव खड्गी

नाति/नातिनीहरू
रश्मी, रोहित, एलिसा, रिया, अजेता, रोमी, रूबी, सृष्टिका, नलिना र एन्जेलिका

सम्पूर्ण खड्गी परिवार

हार्दिक श्रद्धाञ्जलि



जन्मः
वि.सं. २००९/०८/१२

स्वर्गारोहणः
वि.सं. २०७४/०३/२९

स्व. रमेश चित्रकार

हाम्रा प्रिय मित्र श्री सुरज चित्रकारज्यूको पूजनीय पिता श्री **रमेश चित्रकारको** स्वर्गारोहण भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

प्याफल-१९, काठमाडौं
न्यूरोड, काठमाडौं
यङ्गाल, काठमाडौं
DURBAR SQUARE INVESTMENT COMPANY PVT. LTD.
वसन्तपुर, काठमाडौं

UNITED FUTSAL ESTD. 2014
बाफल, काठमाडौं

PRIZMA Electronics Co. Pvt. Ltd
काठमाडौं, नेपाल

OM SHREE MANUFACTURING UDHYOG
Dhapasi-01, Kathmandu, Nepal

# विश्व

## महामारी

यमनको राजधानी सानामा हैजा संक्रमित एक बालिका। गत अप्रिलदेखि यमनमा फैलिएको हैजाको महामारीबाट ३ लाख ७० हजार संक्रमित भएको र कम्तिमा १ हजार ८ सयको मृत्यु भइसकेको छ।



## कम्पन

गत शुक्रबार ग्रीसको कोस टापुमा आएको ६ दशमलव ७ म्याग्निच्युडको सक्तिशाली भूकम्पमा भत्केको एउटा बार। उक्त भूकम्पमा दुईजनाको मृत्यु भएको जनाइएको छ।



2017, JULY Monday 24

विश्व २ मिनेट

### अमेरिका

## क्षमादान दिने संकेत

वासिङटन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफूसँग क्षमादानको पूर्णअधिकार भएकोमा जोड दिँदै चुहावट भएका फर्जी समाचार आफूहरू विरुद्ध मात्र किन खनिएको हो भन्ने प्रश्न राखेका छन्। राष्ट्रपति चुनावमा रुसी हस्तक्षेपलाई लिएर उनका परिवार वा उनका सहयोगीहरू दोषी पाइएमा ट्रम्प आफैं र आफ्ना परिवार सदस्यलाई माफी दिने उपायको खोजीमा लागेको सञ्चार माध्यमहरूले जनाएको थियो। डेमोक्र्याटिक पार्टीका प्रवक्ताले ती समाचारलाई अत्यन्त चिन्ताजनक बताएका छन्। अमेरिकी गुप्तचर एजेन्सीहरू चुनावका क्रममा ट्रम्पको टोली र रुसबीच कस्तो सम्बन्ध रहेको थियो भन्ने विषयमा जाँच गरिरहेका छन्।

### इजरायल

## ३ इजरायली मारिए

जेरुसलम , (एजेन्सी)

इजरायली सेनाको कब्जामा रहेको पश्चिमी किनाराको रमल्ला नजिकै तीन इजरायली नागरिकलाई चक्कु प्रहार गरी हत्या भएको छ। हलामिसमा भएको उक्त आक्रमणमा अर्को एक इजरायली घाइते भएका छन्। इजरायली सेनाले आक्रमणकारीलाई पक्राउ गरिसकेको छ। जेरुसलमस्थित पवित्र स्थलमा प्यालेस्टिनी र इजरायली सेनाबीचको झडप अन्त्य भएपछि उक्त आक्रमण भएको हो। पूर्वी जेरुसलम र अधिनस्त पश्चिम किनारामा इजरायली सुरक्षाबलसँग भएको झडपमा ३ जना प्यालिस्टिनी मारिएका थिए भने सयौं जना घाइते भएका थिए। प्यालिस्टिनी राष्ट्रपति महमुद अब्बासले इजरायलसँगको सबै सम्बन्ध समाप्त गर्न लागेको बताए।

### अमेरिका

## ट्रकभित्र लाश

ह्युस्टन, (एजेन्सी)

अमेरिकाको टेक्सास राज्यको सान एन्टोनियो स्थित वालमार्ट स्टार बाहिर पार्क गरिएको एउटा ट्रेलर ट्रकभित्र आठ जना मानिसको शव फेला परेको प्रहरीले जनाएको छ। त्यही ट्रकमा अन्य २० जनालाई चिन्ताजनक अवस्थामा फेला पारिएको छ। तीमध्ये केही हृदयाघात वा जल विनियोजन पीडित भएको विश्वास गरिएको छ। तिनीहरू सबैलाई उपचारार्थ अस्पतालमा लगिएको छ। प्रहरीले सो ट्रकका ड्राइभरलाई हिरासतमा लिए पनि त्यहाँ कहाँबाट आए भन्ने स्पष्ट पारेको छैन। अमेरिकी आप्रवास विभागले पीडितहरूको सनाखत गर्ने प्रयास गरिरहेको छ।

### भारत

## तेल चोरी

नयाँदिल्ली, (एजेन्सी)

भारतीय प्रहरीले राजस्थानस्थित देशकै सबैभन्दा ठूलो पेट्रोल खानीबाट पानी टैंकरहरू प्रयोग गरी करोडौं लिटर कच्चा तेल चोरी गर्ने एक आपराधिक समूहका केही सदस्यलाई आइतबार गिरफ्तार गरेको छ। बार्मर जिल्लास्थित कार्यर्न इन्डिया ओयलफिल्डमा अनुसन्धान गरी २५ जना व्यक्तिलाई पक्राउ गरिएको छ। प्रहरीकाअनुसार विगत छ वर्षभित्र चोरिएको ५ करोड लिटर तेल स्थानीय दुईवटा कारखानालाई बिक्री गरिएको थियो। अहिले उक्त तेलको मूल्य विश्व बजारमा ७० लाख अमेरिकी डलर पुग्ने बताइएको छ।

# रुसले भारतलाई अत्याधुनिक मिग-३५ विमान बेच्ने

जुकोभ्स्की, रुस (एजेन्सी)

रुसले भारतीय वायुसेनालाई आफ्नो नयाँ युद्धक विमान जेट मिग-३५ बिक्री गर्न चाहेको बताएको छ।

अहिले रुसमा एमएकेएस-२०१७ सैन्य विमान प्रदर्शनी भइरहेको छ। यो प्रदर्शनीमा विश्वका ठूला युद्धक विमान निर्माण कम्पनीहरू आफ्ना



लडाकू विमान प्रदर्शन गर्छन्। उक्त लडाकू विमान प्रदर्शनीका क्रममा मिगका सीइओले भारतलाई मिगजी-३५ फाइटर जेट्स बेच्ने प्रस्ताव गरेको हो। मिग कर्पोरेसनका सीइओ इल्या टोरेसेन्कोले भने- 'हामीले यो वर्ष जनवरीमा मिगजी-३५ लाई भारतको आवश्यकताअनुसार तयार गरेका छौं। हामी भारत र अन्य देशमा यो लडाकू जेटलाई प्रबर्द्धन गर्न चाहेका छौं।' भारतलाई नयाँ लडाकू विमानको आवश्यकता रहेको र उसको वायुसेनासँग यस विषयमा लगातार कुरा भइरहेको उनले बताए। युद्धक विमानको टेन्डर मिगले नै पाउनुपर्ने र विगतदेखि दुई देश बीच राम्रो रक्षा सम्बन्ध रहेको उनले बताए।

रुसको उक्त मिग-३५ विश्वको सबैभन्दा उत्कृष्ट लडाकू विमानमध्येमा पर्छ। नयाँ पुस्तामा पनि यो रुस र विश्वको सबैभन्दा अध्याधुनिक लडाकू विमानमध्येमा पर्छ। रुसले यसको नयाँ संस्करणमा दुईवटा अर्को लडाकू विमान तयार गरेको छ। २९के/कुब र मिग-२९ एम/एम२ नामक ती विमान रुसको अत्यन्त शक्तिशाली मानिन्छ। एक प्रश्नमा टोरेसेन्कोले मिग-३५ लाई लिएर भारतले चासो दिइरहेको जवाफ दिँदै भारतले मिगका युद्धक विमानलाई विगत ५० वर्षदेखि प्रयोग गर्दै आइरहेको बताए। रुसले अहिले उत्कृष्ट लडाकू जेट तयार गरिसकेकाले भारत त्यसको महत्वपूर्ण खरिदकर्ता हुन सक्ने उनले बताए। भारतसँग यस विषयमा कुरा भइरहेको र भारतको आवश्यकताअनुसार विमानमा केही विशेष प्राविधिक सुविधाहरू थप्न सकिने पनि उनले बताए। विमान मात्र बेच्ने नभएर त्यसको सही प्रयोग गर्न तालिम र लामो समयसम्म सेवा पनि दिने ग्यारेन्टी गरेको टोरेसेन्कोले जानकारी दिए।

# फुकुसिमामा तरल आणविक इन्धन भेटिएको दावी



टोकियो, (एजेन्सी)

पानीभित्र राबोट सञ्चालन गर्ने टेप्को कम्पनीले आइतबार जापानको क्षतिग्रस्त फुकुसिमा आणविक भट्टी रोबोटले पग्लिएको आणविक इन्धनको खिचेको र संभवत यस्तो इन्धनको यो पहिलो तस्वीर भएको विश्वास व्यक्त गरेको छ।

फुकुसिमाको तेश्रो इकाइको भट्टीमुनि ठूलो मात्रामा जमेको लाभाजस्तो चटान र तहतह परेको चटान भेटिएको छ। यदि यो पक्कै आणविक इन्धन भएको खण्डमा यससम्बन्धी अनुसन्धानमा एक कोशेढुंगा नै सावित हुने बताइएको छ। सन् २०११ मा आएको डरलाग्दो सुनामीका कारण फुकुसिमाका तीनवटा आणविक भट्टीमा चुहावट भएको थियो।

त्यसलाई चेर्नोबिल आणविक दुर्घटना पछिको अर्को सबैभन्दा ठूलो दुर्घटना मानिएको थियो। आणविक विकीरण फैलिने डरले त्यसबेला २ लाखभन्दा बढी व्यक्तिले आफ्ना घर छोडेर सुरक्षित स्थलतर्फ जान बाध्य भएका थिए।

त्यहाँका क्षतिग्रस्त भट्टीहरूका भागमा अहिले पनि उच्च मात्रामा विकिरण फैलिएको पाइएको छ। टोक्यो इलेक्ट्रिक पावर कम्पनी (टेप्को) ले सन् २०११ यत पहिलोपटक शुक्रबार सार्वजनिक गरिएका तस्वीरहरूमा अत्यन्तै संभावित पग्लिएको इन्धन फेला परेको जनाएको छ। सन् २०११ मा भूकम्पका कारण आएको उक्त भयावह सुनमीबाट फुकुसिमामा १८ हजार ५ सयभन्दा बढी व्यक्ति मारिएका वा बेपत्ता भएका थिए।

# नाकाबन्दी लगाउने विधेयकमा सहमति

वासिंगटन, (एजेन्सी)

अमेरिकाका रिपब्लिकन र डेमोक्रेटिक दुबै पार्टीका नेताहरूले कंग्रेसमा अमेरिकाको राष्ट्रपतीय चुनावमा हस्तक्षेप गरेका कारण रसियामाथि नयाँ नाकाबन्दी लगाउने अनुमति प्रदान गर्ने एउटा विधेयकमाथि सहमति जनाएका छन्। उक्त नयाँ विधेयकले राष्ट्रपति डोनाल्ड ट्रम्पको रसियामाथि लगाइएको कुनै पनि नाकाबन्दी हटाउने अधिकारलाई सीमित पार्ने बताइएको छ। ट्रम्पले पहिले नै क्रेमलिनसंग आफूले कूटनीतिक उदार नीति अपनाउन चाहेको बताएका थिए।

तर गत वर्षको राष्ट्रपतीय चुनावमा रसियाले हस्तक्षेप गरेको भन्ने आरोपको ट्रम्पले शुरूदेखि नै अस्विकार गर्दै आएका थिए। मस्कोले पनि त्यस्तो कुनै पनि गलत कार्य नगरेको अडान लिँदै आएको छ। थुप्रै अमेरिकी अनुसन्धानकर्ताले ट्रम्पको चुनावी अभियानमा रुसी अधिकारीहरूको षड्यन्त्र छ वा छैन भन्ने अनुसन्धान गरिरहेका छन्।




## ADVERTISEMENT RATES FOR NEPAL SAMACHARPATRA

### Rates

| | B/W | COLOR |
|---|---|---|
| Inside page per Clm/cm | Rs.1200 | Rs.1500 |
| Third page per Clm/cm | Rs.1800 | Rs.1800 |
| Back page per Clm/cm | Rs.2000 | Rs.2000 |
| Front page per Clm/cm | Rs. 2600 | Rs. 2600 |

### Dispaly Box & Classified Ads

| | |
|---|---|
| Per Display Box | Rs. 1000 /- (1clm/5cm) |
| Passport Display Box | Rs. 1000/- (1clm/5cm) |
| Per Word | Rs. 15/- (Normal) |
| Per Word | Rs. 20/- (Bold) |

### Discounts & Premiums

| | |
|---|---|
| Jacket Page (Front & Second Page) | Rs. 20,00,000 |
| Jacket Page (Front & Back Page) | Rs. 22,00,000 |
| Top Strip (Any Page) | 50 % (Premium) |
| Island/ Irregular Ad | 50% (Premium) |
| Earpanel (FP) | Rs. 20,000 |
| Side PopUp (FP) | Rs. 25,000 |
| **Frequency Discount** | |
| For Four insertions in a month | 7 % |
| For Five or more insertions in a month | 10 % |
| Full Page Discount | 10% |

Note: All rates are excluding VAT

### Mechanical Data

| | | |
|---|---|---|
| Width of Column | : | 3.8cm |
| No. of Column | : | 8 columns |
| Height of Column | : | 50 cm |
| Printable Area | : | 33 X 47 cm |
| Overall size | : | 33 X 50 cm |
| Process | : | Web Offset |
| Screen | : | 85DPI/95DPIw |

## ADVERTISEMENT RATES FOR KAMANA/ SADHANA

### Rates

| | RATE |
|---|---|
| Cover Full Page (Outside Back) | Rs. 90,000/- |
| Cover Full Page (Inside Front) | Rs. 75,000/- |
| Cover Full Page (Inside Back) | Rs. 75,000/- |
| Inside Ordinary Full Page | Rs. 60,000/- |
| Double Spread | Rs. 100,000/- |
| Central Spread | Rs. 110,000/- |
| Inside Ordinary Half Page | Rs. 40,000/- |
| Inside Ordinary Quarter Page | Rs. 30,000/- |
| Strip | Rs. 30,000/- |

### Frequency Discount

| | |
|---|---|
| For six insertions in a yea | 7% |
| For twelve insertions in a year | 10 % |

Note: All rates are excluding VAT

### Mechanical Data

| | | |
|---|---|---|
| Full Page Bleed | - | 21.3 cm by 29.3 cm |
| Full Page Non Bleed | - | 18.5 cm by 27 cm |
| Half Page Horizontal | - | 18.5 cm by 14.5 cm |
| Half Page Vertical | - | 9.5 cm by 27 cm |
| Quarter Page | - | 9.5 cm by 14.5 cm |
| Vertical Strip | - | 6 cm by 27 cm |
| Horizontal Strip | - | 18.5 cm by 6 cm |
| Double Spread Bleed | - | 42.6 cm by 29.3 cm |
| Double Spread Non Bleed | - | 37 cm by 27 cm |
| Cover Double Spread Bleed | - | 41 cm by 29.3 cm |

**Rates effective from Shrawan 1, 2074. PLEASE BE ADVISED THAT THE ADVERTISING RATE MIGHT CHANGE WITH 7 DAYS NOTICE IN *NEPAL SAMACHARPATRA***


**Kamana News Publications Pvt. Ltd.**
Maru Bhimsensthan, Kathmandu, Nepal
Phone no : 4261179, Fax : 4218990
Email : nepalsamacharpatra@gmail.com

# प्रहरीलाई संघीय संरचनामा लैजानेबारे छलफल

काठमाडौं, (नेस)

मुलुक संघीयतामा प्रवेश गरेपछि संघीय प्रदेशमा प्रहरीको संरचना कस्तो हुनुपर्ने भन्ने बारेमा गृह मन्त्रालयले छलफल अगाडि बढाएको छ।

आइतबार गृहमन्त्री जनार्दन शर्माले उच्च प्रहरी अधिकारीहरूलाई मन्त्रालयमा बोलाएर सुझाव लिनुभएको छ। सो छलफलमा प्रहरी नायब महानिरीक्षकदेखि प्रहरी महानिरीक्षकसम्मले भाग लिएका थिए। गृह मन्त्रालयमा आयोजित कार्यक्रममा गृहमन्त्री शर्माले प्रहरी संगठनको क्यारियर प्लान कस्तो बनाउनुपर्छ भन्नेबारे लिखित सुझाव दिन आग्रह गर्नुभएको छ।

गृह मन्त्री शर्माले प्रहरी प्रमुख प्रकाश अर्याललाई 'तपाई संगठन प्रमुख हो, तपाईले आफ्नो फोर्सको क्यारियर प्लान कस्तो बनाउनुहुन्छ गृहकार्य गरेर दिनुस्।' उहाँले प्रश्न गर्दै भन्नुभयो, 'कार्यसम्पादन मूल्यांकनलाई वैज्ञानिक बनाउन र बढुवा प्रक्रिया निष्पक्ष बनाउन के गर्नुपर्छ र पारदर्शीता कसरी सम्भव छ ? लिखित सुझाव दिनुस्।'भन्नुभएको थियो।

'तपाई आफ्नो संगठनलाई कस्तो बनाउन चाहनुहुन्छ ?' उहाँले भन्नुभयो, ' सरुवामा क्यालेन्डरेको कुरा आएको छ, कस्तो क्यालेन्डर बनाएपछि हामी सबैले आफ्नो प्रस्ट मार्गचित्र देख्न सक्छौं ? आ-आफ्नो तरिकाले त्यो सुझाव सिधै मलाई दिनुहोला।'

मन्त्री शर्माले सूचना र डाटा सेन्टर व्यवस्थित गर्नका लागि प्रहरीलाई प्रादेसिक संरचनामा लैजाँदा आवश्यक साधन, स्रोत र जनशक्तिको अवस्था र आवश्यकता बारे वर्कआउट गरेर योजना बनाउन प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिनुभएको छ।

प्रहरीलाई संघीय संरचनामा कसरी लैजाने भन्नेबारे सुझाव दिँदै डीआईजी बमबहादुर भण्डारीले इन्सपेक्टरमा खुल्लातर्फबाट भर्ना लिने उमेर २५ बाट बढाएर २८ बनाउनुपर्ने बताउनुभयो। केन्द्रीय प्रहरी प्रमुखमा प्रहरी महानिर्देशक (डीजीपी) रहनुपर्ने उल्लेख गर्दै महानगरीय प्रहरीलाई अर्धन्यायिक अधिकार दिनुपर्ने बताउनुभयो।

## सम्बन्ध...

३०३०२९/१०५ नागरिकता नम्बर रहेकी पूजाको जन्म २०४३ साउन ५ गते रहेको छ। रामेछाप जिल्ला गुन्सी भदौरे गाविस १ मा झक्कप्रसाद गौतमको कोखबाट उनी साईली छोरीका रूपमा जन्मिएकी थिइन्। श्रीमान राजारामको नागरिकता नम्बर १२८४४९ हो। उनी ३२ वर्षका भएका छन्।

२०७३ साल मसिंर २ गते कित्ता नम्बर ७३० बाट हरिभक्त दाहालले टुकुचा ८ मा रहेको ०-८-३-२ क्षेफलको बारी आफ्नो नाममा अंश बुझिलिए। जसको कित्ता नम्बर ९६३ रहेको छ। २०८५ 'ग' ४ नम्बर ठेलीको १४ नम्बर पानाबाट २०७३ मसिंर २ गते कित्ता नम्बर ७३० बाटै छोरा राजाराम दाहालले ९६२ कित्ता नम्बर कायम हुने गरी ०-८-३-१ क्षेत्रफलको जग्गा अंश बकसपत्र गरी बुझि लिएका छन्। श्रीमती पूजालाई २०७३ मसिंर ७ गते सासू हरिमाया दाहालको नाममा रहेको उग्रचण्डी नाला ६ को कित्ता नम्बर ३३४ नम्बरको ५ रोपनी ८ आना २ पैसा ३ दाम जग्गा बकसपत्र गरिदिएका छन्। मसिंर ७ गते अंश लिएकी पूजाले मसिंर ९ गते नै श्रीमान राजारामसँग सम्बन्ध विच्छेदको मुद्दा दर्ता गरेकी हुन्। अदालतमै तारेख बुझेर चार दिनमै छोरा पुजनलाई श्रीमानकै साथमा रहने गरी मिलापत्रसहितको सम्बन्ध विच्छेद गरेकी थिइन्।

सम्बन्ध विच्छेद भएको २३ दिन अर्थात २०७३ पुस ५ गते पशुपति श्रेष्ठको साविक दक्षुटोल १ मा रहेको कित्ता नम्बर ६७९ बाट कित्ता नम्बर ९७९ मा २ आना २ दामको जग्गा र सोही जग्गामा बनेको तीन तल्ले घर पूजाले बकसपत्र गरी लिएकी छिन्।

पशुपति पूजाको मितिनी नाता पर्ने निर्मलाको श्रीमान हुन्। उनी प्रहरीमा सिपाही पदमा जागिरे छन्। राजाराम र पुजाले ८ वर्ष होटलमा भाँडा माझेर कमाएको रकमले कमाएको पैसाले घर घडेरी जोडेकाले उक्त सम्पत्ति जेठीको परिवारले अंश दाबी नगरुन् भन्ने उद्देश्यले सबै नाटक रचिएको हुन सक्ने बताइएको छ।

जेठी श्रीमती कमलाले अंश लगाउनुअघि जति कमाए पनि छोरा २० वर्षको भए पछि मुद्दा राखेर अंश लिने धम्कि दिँदै आएको र कान्छि पूजाले पनि जसरी भए पनि आफूले कमाएको सम्पत्ति नदिने बताएकाले त्यो सबै गर्नुपरेको हुन सक्ने आंशका ब्यक्त गरिएको छ।

पूजा र राजारामको सम्बन्ध विच्छेद भएको खवरपछि त्रिवि शिक्षण अस्पतालमा राखिएका परिवारका शव पोस्टमार्टम हुन सकेको छैन।

शुक्रबार राति बाबु हरिभक्त, आमा हरिमाया, छोरा राजाराम र छोरी रञ्जना मृत अवस्थामा बनेपा बसपार्कमा फेला परेका थिए। होटलभित्र सटरमा ताल्चा लगाएर घर सल्लाह गर्ने बाहनामा आत्महत्या गरेको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ। बनेपामा दिनभर शव उठाउन र उठाएको शबको पोस्टमार्टम गर्ने विषयमा छलफल भए पनि सहमति हुन सकेको छैन। सम्बन्ध विच्छेद भएको खबरपछि उनलाई किरिया गर्न नदिने तयारीमा जेठीको परिवार लागेको श्रोतले बतायो।

## सबै...

हामीले राष्ट्रिय दैनिकमै तीनपटकभन्दा बढी सूचना प्रकाशित गरेका छौं, उहाँले नदेख्नुमा हाम्रो कमजोरी होइन।

सूचना प्रवाह बैंक तथा बिक्री प्रबन्धक दुबै मिलेर गर्ने काम हो। एकजनाले अदालतमा गएर मुद्दा हाल्नुभयो, उहाँको हकबराबरको सेयरको अक्सन प्रक्रिया रोकेर हामीले अरु भने अगाडि बढाएका छौं। यस विषयमा अदालतले जे भन्छ हामी त्यसै गछौं, हामीले अरु केही भन्न मिल्दैन।

## नेपाल...

बैंकले २०७३ चैत १६ गतेसम्म कायम सेयरधनीले हक दाबी गर्न पाउने गरी ८० प्रतिशत हकप्रद निष्काशन गरेको थियो। बैंकले वैशाख ७ गतेदेखि जेठ १० गतेसम्म बिक्री खुला गरेको हकप्रदमा आफूलाई जानकारी नभएकाले तोकिएको समयमा हकप्रदका लागि आवेदन दिन नसकेको भट्टराईको दाबी छ।

भट्टराईको रिटमा उच्च अदालत पाटनले असार २० गते अन्तरिम आदेश जारी गरेको थियो। सो अन्तरिम आदेशलाई असार २८ गतेको अर्को इजलासले निरन्तरता दिएको छ। २०७३ कात्तिक ८ गते सम्पन्न बैंकको साधारणसभाले ८० प्रतिशत हकप्रद सेयर जारी गर्ने प्रस्ताव पारित गरेको थियो। सोही आधारमा बैंकले ३ करोड २० लाख ६४ हजार ६८ दशमलव ८० कित्ता सेयर छुट्याएर सूचना जारी गरेको थियो। हकप्रद सेयर बाँडफाँड गरी आइतबार नेप्सेमा सूचिकृतसमेत भएको छ।

उक्त सूचना सबै सेयरधनीको पहुँचसम्म नपुग्ने गरी प्रकाशित गरिएकाले ९ लाख ६८ हजार ६ सय १० कित्ता सेयरमा हकप्रदको दाबी नपरेको सेयरधनीहरूको आरोप छ। बैंक व्यवस्थापनले हकप्रदमा नपरेको सेयर लिलाममा चलखेल गर्नका निम्ति पर्याप्त सूचना प्रवाह नभएको उनीहरूको आरोप छ। साथै बैंकका केही सेयरधनी नेपाल राष्ट्र बैंकको कालोसूचीमा परेका कारण हकप्रद सेयरमा सहभागी हुन नपाउने अवस्था छ।

एकातिर हकप्रद सेयरमा सहभागी हुन पाउने सेयरधनीलाई पर्याप्त सूचना प्रवाह नगरिनु र अर्कोतिर कालोसूचीमा परेका सेयरधनीको लाखौं कित्ता सेयर लिलामीमा लैजाँदा बैंक व्यवस्थापनले चलखेल गर्न खोजेको सरोकारवालाहरूको आरोप छ।

बैंकमा राखिएका अभिलेखअनुसार सेयरधनीको ठेगानामा पत्रचार नगर्नु र धितोपत्र बोर्डको नियमानुसार पर्याप्त सूचनासमेत प्रवाह नगरी बढीभन्दा बढी सेयर सदस्यलाई सहभागी गराउनुभन्दा कमभन्दा कम सेयर सदस्यलाई जानकारी हुनेगरी सूचना लुकाउने प्रयास गरिएको आरोप सेयरधनीले लगाएका छन्। अदालतमा विचाराधीन अवस्थामा रहेका मुद्दामा निवेदकको मात्रै सेयर छुट्टाएर हकप्रदमा सहभागी नभएका सेयरधनीको सेयर लिलाममा राख्नु अन्यायपूर्ण भएको सेयरधनीको भनाइ छ।

छुटेका सेयरधनीले भने- 'भट्टराईले रिट हालेका कारण उनको सेयर होल्डमा बसेको छ। हामीले पनि सेयर जारी भएको सूचना पनि नपाएको हुँदा छुटेका छौं। भट्टराईको विषय प्रतिनिधि घटना हो। थुप्रै सेयरधनी छुटेका छन्, मुद्दाले अन्तिम किनारा नपाउन्जेल सेयर लिलाम र बाँडफाँडको प्रक्रिया स्थगित गर्नुपर्छ।'

बैंकले हकप्रद सेयरको निष्काशन र बाँडफाँड हुन बाँकी रहेको सेयरलाई लिलामी प्रक्रिया अगाडि बढाइ २०७४ असार १४ गतेबाट लिलामको बोलपत्र माग गरी २०७४ असार २१ गते प्रस्ताव बन्द भई २०७४ साल असार २३ गते लिलाम गर्ने कार्यतालिका रहेको थियो।

बैंकले अनियमिततालाई कतिसम्म प्रश्रय दिइरहेको छ भने अदालतले कुनै पनि पब्लिक कम्पनीको बोर्डमा बस्नका निम्ति अयोग्य ठहर गरी जरिवानासमेत गरिएका दीपक कार्की बैंकको सञ्चालक सदस्य रहिरहनुले पनि त्यो कुराको पुष्टि गर्छ।

कार्की नेसनल हाइड्रोको स्वघोषित अध्यक्ष हुँदा कारवाहीमा परेका थिए। अर्कोतर्फ बैंक व्यवस्थापनको नेतृत्व गरिरहेका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगाना पनि गम्भीर विषयमा गैरजिम्मेवारीपूर्ण टिप्पणी गरी उम्किएका छन्। उनले अदालतमा मुद्दा पर्दै गर्छ, हामी काम गर्दै जान्छौं भन्ने हल्का टिप्पणी गरेका छन्। जनताको लगानी र निक्षेप संकलन गर्ने बैंकजस्तो गम्भीर संस्थाको प्रमुख व्यवस्थापकले जनचासोको विषयलाई 'यस्तो केस त दिनमा सयौं आउँछन्' भने।

## धरहरा

### भित्ते राष्ट्रपति



नेकपा माओवादीले पहिलो संविधान निर्वाचनमा जोडतोडको साथ कार्यकारी राष्ट्रपतिको मुद्दा उठायो। प्रचण्डलाई जतातत‍ै भावी राष्ट्रपतिका रूपमा भित्ता रङगाइयो। ब्यान र पास्टर बनाइयो। पहिलो संविधानसभा निर्वाचनपछि माओवादीले पुनः कार्यकारी राष्ट्रपतिको मुद्दा उठायो। कांग्रेस एमालेले सुन्नै तयार भएनन्। प्रचण्डले निकै जोडबल गरे। संसदीय अभ्यासमा पोख्त भएका कांग्रेस र एमालेले कुनै वास्था नै गरेनन्। संविधान जारी गर्न दुई तिहाई बहुमत नहुँदा प्रचण्ड ब्याक भए।

संविधानसभाबाट संविधान जारी गर्ने बेलामा प्रचण्डले कार्यकारी राष्ट्रपतिको मुद्दा अटाउन सकेनन्। संविधानसभाबाट संविधान जारी गरेपछि अहिले माओवादीले पुनः कार्यकारी राष्ट्रपतिको मुद्दा उठाउने निर्णय गरेको छ। संविधानमा कार्यकारी राष्ट्रपति नहुने भएपछि भित्ते राष्ट्रका रुपमा प्रचण्डको खिल्ली उडाउने काम हुँदै आएको छ। सत्तारुढ दल माओवादीले अहिले कार्यकारी राष्ट्रपतिको मुद्दा उठाउने भएको छ। अब के माओवादीले भनेको वास्तविक राष्ट्रपति होला नि भित्ते राष्ट्रपतिमा सीमित होला ?

कार्यकारी राष्ट्रपति चाहिने विषयमा सबै राजनीतिक दलहरूलाई थाहा छ। तर ६/६ महिनामा सरकार ढालेर तर मार्न पल्किएका राजनीतिक दलहरू किन कार्यकारी राष्ट्रपतिको व्यवस्था किन तयार हुन्थे ?

नेपाल सरकार
सिंचाइ मन्त्रालय
सिंचाइ विभाग

## सुनसरी मोरङ्ग सिंचाइ योजना, विराटनगर

## सूची दर्ता गराउने बारेको सूचना

**सूचना प्रकाशित मिति : २०७४।०४।०९**

